# बालबालिकाको जन्मदर्ताको अधिकार



## विद्यमान कानुनी व्यवस्था र सुधार गर्नुपर्ने क्षेत्रहरु



अनुसूची-१२
(नियम ७ सँग सम्बन्धित)
नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
**स्थानीय पञ्जिकाधिकारीको कार्यालय**
**......................गाउँ विकास समिति/नगरपालिका**
**......................जिल्ला**
**जन्म दर्ताको प्रमाणपत्र**

न्वरः ..........................
दर्ता मितिः ......
रिक लगत फाराम नः ...............

ार्यालयमा खडा गरिएको जन्म दर्ता किताब अनुसार प्रमाणित गरिन्छ कि सूचक श्री/श्रीमती ....................ले
ना फाराम बमोजिम श्री ....................को नाति/नातिनी, ........ जिल्ला ........ गाउँ विकास समिति/
बस्ने श्री .................... तथा श्रीमती ....................को छोरा/छोरी श्री/सुश्री ....................को मि
........ ई.सं.) मा जन्म भएको हो ।

एको भए
स्थानीय पञ्जिकाधिक
णपत्र नं.,जारी मिति र
सहीः

unicef
for every child

FWLD
महिला, कानून र विकास मञ्च
२०५२
अविभेद र समानताका लागि कार्यरत

# बालबालिकाको जन्मदर्ताको अधिकार

## विद्यमान कानुनी व्यवस्था र सुधार गर्नुपर्ने क्षेत्रहरु

# विषय सूची


१. परिचय ........ १
२. व्यक्तिगत घटना दर्ताको नागरिकता तथा सामाजिक सुरक्षा लाभसँगको अन्तरसम्बन्ध ........ २
३. व्यक्तिगत घटना दर्ता सम्बन्धमा नेपालको मानव अधिकार सम्बन्धी दायित्वहरु ........ ३
४. संवैधानिक सुनिश्चितता ........ ५
५. कानुनी प्रावधान ........ ६
  क. बालबालिका सम्बन्धी ऐन, २०७५ ........ ६
  ख. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ ........ ७
  ग. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ........ ७
  घ. मुलुकी देवानी संहिता, २०७४ ........ ८
  ङ. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ ........ ८
६. सरकारले लिएका नयाँ पहलहरु ........ १०
  क. केन्द्रिय पञ्जिकरण विभागको स्थापना र सफ्टवेयरको विकास ........ १०
  ख. व्यक्तिगत घटना दर्ता सप्ताह उत्सव ........ १०
  ग. व्यक्तिगत घटना दर्ता र विद्यालय भर्ना ........ १०
  घ. नीति तथा कानुनी कार्यविधि सुधार र स्पष्ट पार्न जारी गरिएको परिपत्र ........ १०
७. विभिन्न देशहरुका घटना दर्ता सम्बन्धी कानुनी प्रावधानहरुको विश्लेषण ........ १२
  क. व्यक्तिगत घटना दर्ताको सुची ........ १३
  ख. व्यक्तिगत घटना दर्ताको सूचक ........ १३
  ग. हदम्याद ........ १६
  घ. दर्ताको लागि योग्यता ........ १७
  ङ. उत्तरदायी ........ १९
८. व्यक्तिगत घटना दर्तासम्बन्धी कानुनहरुमा रहेका कमी कमजोरीहरु ........ १९
  क. जन्मदर्ताका व्यवधानहरू ........ १९
  ख. कानुनी व्यवधानहरू ........ २०
  ग. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ मा रहेको अपूर्णता ........ २०
  घ. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ मा रहेको अपूर्णता ........ २१
  ङ. अन्य व्यवहारिक समस्याहरू ........ २२
९. सुझावहरू ........ २२
  क. संघीय सरकार ........ २३
  ख. नयाँ ऐनमा समेटिनुपर्ने व्यवस्थाहरू ........ २३
  ग. राष्ट्रिय परिचयपत्र तथा पञ्जिकाधिरारी नियमावली, २०७७ मा संशोधन गर्ने ........ २५
  घ. स्थानीय र प्रादेशिक सरकार ........ २५
  ङ. कार्यविधिगत सुधार ........ २५
  च. शिक्षा र जनचेतना ........ २६

## १. परिचय

सयुक्त राष्ट्र संघले व्यक्तिगत घटना दर्तालाई 'प्रत्येक देशको कानुनी आवश्यकता अनुसार नियम वा विनियम मार्फत व्यक्तिको महत्वपुर्ण घटनाहरूको विश्वव्यापी, निरन्तर, स्थायी तथा अनिवार्य रुपमा गरिने अभिलेख' भनी परिभाषित गरेको छ ।[१]

व्यक्तिगत घटना दर्ता प्रणाली अर्न्तगत चार प्रकारका आधारभुत सिद्धान्तहरु छन्, जुन यसप्रकारका छन्: विश्वव्यापी, निरन्तरता, गोपनियता तथा नियमित वितरण ।[२] तसर्थः प्रत्येक राष्ट्रले आफ्नो देशको कानूनी ढाँचा अनुसारको यी सिद्धान्तहरु अनुरुप हुने गरि व्यक्तिगत घटना दर्ता प्रणाली स्थापना गर्न जरुरी हुन्छ ।

**व्यक्तिगत घटना दर्ता प्रणालीका आधारभुत सिद्धान्तहरु**




नेपालको व्यक्तिगत घटना दर्ता प्रणालीले व्यक्तिको कानूनी पहिचानको प्रतिनिधित्व गर्दछ । नेपालमा व्यक्तिको कानूनी पहिचान संविधान र विभिन्न कानूनहरु तथा नियमहरु लगायत बृहत ढाँचा अन्तर्गत कार्य गर्ने गर्दछ ।[३] नेपालको संविधान, २०७२ नेपालमा बस्ने व्यक्तिको कानुनी पहिचानका लागि सर्वपरि दस्तावेज हो ।

संवैधानिक प्रावधानहरूलाई देशका विभिन्न अन्य कानूनहरूले सहयोग गरिरहेका छन्, जसमध्ये राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ तथा नियमावली २०७७, बालबालिका सम्बन्धी ऐन, २०७५ र मुलुकी देवानी संहिता, २०७४ मुख्य कानूनहरु हुन् । व्यक्तिको अस्तित्व रहेका पहिलो प्रमाण जन्मदर्ताले दिने भएकोले व्यक्तिको कानूनी पहिचानको सृजना गर्नका लागि जन्मदर्तालाई ठोस आधारका रुपमा लिने गरिन्छ । नेपालमा, व्यक्तिगत घटना दर्ताभित्र जन्म, विवाह, सम्बन्धविच्छेद, मृत्यु तथा देशभित्र हुने बसाईसराईको दर्ता समावेश

---

१. महत्वपूर्ण तथ्यांक प्रणालीको लागि सिद्धान्त तथा सुझावहरूः संशोधन; संयुक्त राष्ट्र संघ सचिवालयको आर्थिक तथा सामाजिक मामिला विभागः २०१४; पृष्ठ ६५

२. ऐ, पृष्ठ ११ मा

३. यी कानूनहरूमा : नेपालको संविधान, २०७२; राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन, २०७६; राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण नियमावली, २०७७; महत्वपूर्ण घटना दर्ता सम्बन्धी अस्पष्टता हटाउन नेपाल सरकारद्वारा समय-समयमा जारी गरिएको परिपत्र तथा निर्देशनहरू

छन् । यसको साथै राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण ऐन, २०७६ ले धर्मसन्तान ग्रहण, मृत जन्म र नवजात शिशु मृत्युलाई दर्ता हुने विशेष घटनाको रुपमा समावेश गरेको छ ।

## २. व्यक्तिगत घटना दर्ताको नागरिकता तथा सामाजिक सुरक्षा लाभसँगाको अन्तरसम्बन्ध




नेपालमा व्यक्तिगत घटना दर्ता र नागरिकताको प्रमाणपत्र बीच अत्यन्तै नजिकको सम्बन्ध रहेको छ । व्यक्तिगत घटना दर्तामा पहुँच नहुनाले नागरिकता प्राप्त गर्नबाट वञ्चित हुन सक्ने अवस्था रहन्छ भने नागरिकतामा पहुँच नहुनाले व्यक्तिगत घटना दर्तामा इन्कारी हुने अवस्था पनि रहेको पाईन्छ ।

नागरिकताका लागि निवेदन गर्न व्यक्तिगत घटना दर्ता जस्तै जन्म, विवाह र बसाईसराई जस्ता घटना दर्ता गरिएको दस्तावेजलाई आधारभूत प्रमाणका रुपमा लिईन्छ भने विवाह दर्ता तथा बसाईसराई दर्ताका लागि नागरिकता नभई नहुने आधारभूत दस्तावेज हो । तथापि सम्बन्धित आधिकारीहरूको गलत बुझाईको कारणले बालबालिकाको जन्मदर्ता गर्नका लागि नागरिकता नभई नहुने भनेर नागरिकता अनिवार्य गर्ने र जन्मदर्ता गराउन ईन्कारी गर्ने अभ्यासले व्यवहारिक कठिनाई सृजना गर्दछ । उदाहरणका लागि व्यवहारमा बाबुआमा विशेषतः बाबुको नागरिकता छैन भने बालबालिकाको जन्मदर्ता गर्न सकिन्न जबकि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ र नियमावली, २०७७ ले बाबुआमा दुवैको नागरिकता आवश्यक नभनी कुनै एकबाट दर्ता गर्ने व्यवस्था गरेको छ । यसप्रकारको परिदृष्यहरूले सम्बन्धित आलेख राख्ने कार्यमा अस्पष्ट र अल्मल्याउने काम भएको छ । जन्मदर्ताको निवेदन फाराममा बाबु वा आमाको वा सुचना दिने व्यक्तिको नागरिकता पेश गर्नुपर्ने हुन्छ, त्यसकारण स्थानिय पञ्जिकाधिकारीले विशेषतः बाबुको नागरिकताको माग गर्ने गर्दछ जुन कारणले बालबालिकाको जन्मदर्ता प्रकृयामा अवरोध सृजना गरिदिन्छ । अर्को तर्फ, बालबालिकाको जन्मदर्ताले राष्ट्रको नागरिक हुने कुराको सुनिश्चित गर्छ भन्ने गलत धारणाले गर्दा पनि जोखिममा रहेका बालबालिकाहरूलाई थप जोखिममा पुऱ्याउन सक्दछ । जन्मदर्ताले केवल बालबालिकाको अस्तित्वको कानुनी मान्यता प्रदान गर्ने काम गर्दछ, यसले बालबालिकालाई स्वतः नागरिकता प्रदान गर्दैन । नागरिकता प्राप्त गर्नका लागि नागरिकता सम्बन्धी कानुनको प्रकृयामा जानुपर्ने हुन्छ । जन्मदर्ता र नागरिकता दुई भिन्न कुराहरू हुन् ।

जन्मदर्ताको अभावले कुनै पनि व्यक्ति राज्यबाट प्रदान गरिने विभिन्न सेवा सुविधा वा लाभहरूबाट वञ्चित हुनुपर्ने हुन्छ । अझ महत्वपुर्ण कुरा के भने यस्ता कागजातहरूको कमीले व्यक्तिले नागरिकता समेत प्राप्त गर्न नसक्ने अवस्था रहेको हुन्छ । बालबालिकाहरूको सन्दर्भमा पनि जन्मदर्ता प्रमाणपत्रको अभावले उनीहरूले बालबालिकाको लागि भनिएको अनुदानहरू प्राप्त गर्न, विद्यालयमा भर्ना गर्न, जिल्ला स्तरिय (कक्षा ८) वा माध्यामिक शिक्षा परीक्षा (एसईई) (कक्षा १०) को परीक्षाहरूमा समेत बस्न पाउँदैनन् । विशेषतः बालबालिकाको जन्मदर्ता कुनै पनि व्यक्तिको कानुनी पहिचान स्थापित गर्ने पहिलो दस्तावेज हो र कानूनी पहिचान भनेको बालबालिकाहरूको लागि उपलब्ध भएका उनीहरूको विकासका लागि आवश्यक पर्ने आधारभूत कुराहरू जस्तै स्वास्थ्य, सामाजिक सुरक्षा र शिक्षा प्राप्त गर्नका निमित्त आवश्यक पर्ने मुख्य आधार हो । जन्मदर्ता प्रमाणपत्रको आधारमा बालबालिकाको उमेर निर्धारण गर्दछ जसले गर्दा उनीहरूलाई बालश्रम, न्यायिक प्रणालीमा वयस्क जस्तै गरी पक्राउ गर्ने वा व्यवहार गर्ने कुरा, सैन्यजत्थाहरूमा बलपूर्वक प्रयोग गर्ने, बालविवाह, बेचबिखन र यौनजन्य शोषणबाट संरक्षण प्रदान गर्न मद्दत गर्दछ ।

व्यक्तिगत घटना दर्ताले कुनै पनि महत्वपुर्ण व्यक्तिगत घटना घटेको प्रमाण प्रस्तुत गर्दछ, यससँगै उक्त घटनासँग सम्बन्धित अधिकारहरुको सुनिश्चितता गर्दछ । घटना दर्ता प्रमाणपत्र कुनै पनि कार्यालय वा अड्डा अदालतमा प्रमाणको रुपमा प्रयोग गर्न सकिन्छ ।[४]

यदि कुनै व्यक्तिसँग व्यक्तिगत घटना दर्ता प्रमाणपत्र(हरू) छैन भने त्यस्ता व्यक्तिहरुले राज्यबाट प्रदान गर्ने विभिन्न सामाजिक सुरक्षा लाभहरुबाट वञ्चित हुनुपर्ने हुन्छ ।[५] सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ ले सामाजिक सुरक्षा लाभ/भत्ता प्राप्त गर्नका लागि विभिन्न कागजातहरुको आवश्यक पर्ने उल्लेख गरेको छ । बालबालिकाको लागि उपलब्ध गराउने भत्ता बाहेकका अन्य सामाजिक सुरक्षा भत्ताहरु प्राप्त गर्न नागरिकता अनिवार्य गरिएको छ ।[६] बालबालिका भत्ता प्राप्त गर्नका लागि जन्मदर्ताका साथै आमाको नागरिकताको आवश्यकता रहन्छ । यदि आमा छैन भने यस्तो अवस्थामा जो अभिभावक हो उसको नागरिकता राख्नुपर्ने हुन्छ ।

## ३. व्यक्तिगत घटना दर्ता सम्बन्धमा नेपालको मानव अधिकार सम्बन्धी दायित्वहरु

मानव अधिकार सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरुले सदस्य राष्ट्रहरुलाई प्रत्येक नागरिकको कानूनी पहिचान सुनिश्चितता गर्नुपर्ने माग गर्दछ ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा ६ ले व्यक्तिको पहिचानको अधिकार विश्वव्यापी अधिकारको रुपमा उल्लेख गरेको छ । यस घोषणापत्रले 'प्रत्येक व्यक्तिलाई कानुनको अगाडी जुनसुकै ठाउँमा व्यक्तिको रुपमा पहिचानको अधिकार हुन्छ' भनेर उल्लेख गरेको छ ।[७] नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धी, १९६६ ले 'प्रत्येक बालबालिका जन्मने बित्तिकै दर्ता गरिनुपर्ने र उसले नाम प्राप्त गर्नुपर्ने घोषणा गर्नुको साथै प्रत्येक बालबालिकाको राष्ट्रियता प्राप्त गर्ने अधिकार हुने' भनि समेत उल्लेख गरेको छ ।[८]

जन्मदर्ता राष्ट्रिय कानुनको आवश्यकता बमोजिम जन्मेको घटना वा विशेषता अन्तर्गत चल्ने निरन्तर, स्थायी र विश्वव्यापी अभिलेख प्रकृया हो । जन्मदर्ताले कानुन बमोजिम व्यक्तिको अस्तित्वको स्थापित गर्दछ र व्यक्तिको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरुको संरक्षणका लागि आधार प्रदान गर्दछ । यो व्यक्तिको मानव अधिकार संरक्षणका लागि आधारभूत माध्यम हो ।[९]

मानव अधिकार समितिको बाल अधिकारसम्बन्धी सिफारिस नं.१७ ले नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा २४ परिच्छेद २ लाई संरक्षणका लागि विशेष उपायको अधिकारसँग सम्बन्धित गरेर व्याख्या गरिनुपर्ने उल्लेख गरेको छ र यसको मुख्य उद्देश्य भनेको बालबालिकामा हुन सक्ने अपहरण, बालबालिकाको बेचबिखन र ओसारपोसार तथा यस अभिसन्धीले प्रदान गरेको अधिकारको उपभोग विपरित

४. राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा २४
५. सामाजिक सुरक्षा लाभहरू अन्तर्गत जेष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, विधवा भत्ता, अपागंता भएका व्यक्तिको भत्ता, जोखिममा रहेका जनजाति आदिवासी समुह भत्ता र बालबालिका भत्ता समावेश हुन्छ। जानकारीका लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन निर्देशिका, २०७२ को ८ नम्बर हेर्नुहोस्।
६. सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७२ को दफा ६(४)(ख)
७. मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ को धारा ६
८. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धी, १९६६ को धारा २४
९. संयुक्त राष्ट्र संघको साधारण सभा संकल्पः ए/एजआरसि/२७/२२, जन्म दर्ता तथा प्रत्येक व्यक्तिलाई कानुनको अगाडी जुनसुकै ठाउँमा व्यक्तिको रुपमा पहिचान, २०१४

हुने गरि गरिने कुनै प्रकारको व्यवहारको जोखिमता कम गर्नका लागि बालबालिका जन्मेपछि जन्मदर्ता गनुपर्ने दायित्व हुन्छ भनेर उल्लेख गरिएको छ ।[१०]

बाल अधिकारसम्बन्धी महासन्धिले 'बालबालिका जन्मने बित्तिकै जन्मदर्ता गरिनुपर्नेछ र जन्मेदेखि नै नाम प्राप्त गर्ने, राष्ट्रियता प्राप्त गर्न सक्नेछ र सम्भव भएसम्म आफ्ना बाबुआमा थाहा पाउने र उनीहरूबाट स्याहार पाउने अधिकार पाउनेछन् ।'[११] यस महासन्धिले सदस्य राष्ट्रहरूले आफ्नो राष्ट्रिय कानुन बमोजिम र यससँग सम्बन्धित अन्तर्राष्ट्रिय दस्तावेजहरु विशेषतः बालबालिका राष्ट्रविहिन हुने अवस्थामा यी अधिकारहरूको कार्यान्वयनको सुनिश्चितता गर्नुपर्ने आवश्यकता गरेको छ ।[१२]

बाल अधिकारसम्बन्धी महासन्धिले 'पक्ष राष्ट्रहरूले कानूनले पहिचान गरेको कुनै गैरकानूनी हस्तक्षेप विना बालबालिकाको राष्ट्रियता, नाम र पारिवारिक सम्बन्ध लगायत आफ्नो पहिचानको अधिकार संरक्षण गर्न पाउने अधिकारलाई सम्मान गर्नुपर्ने अनिवार्यता गरेको छ । कुनै बालबालिका आफ्नो पहिचान सम्बन्धी कुनै वा सबै तत्वहरूबाट गैरकानुनी रुपले वञ्चित हुन गएमा पक्ष राष्ट्रहरूले निजको पहिचान शिघ्र रुपमा पुनर्स्थापना गर्नका लागि उपयुक्त सहयोग र संरक्षण प्रदान गर्नुपर्ने' व्यवस्था गरेको छ ।[१३]

विश्वव्यापी जन्मदर्ताको महत्वलाई बढाउनका लागि अन्तरसरकारी स्तरमा, संयुक्त राष्ट्र संघको साधारण सभा र मानव अधिकार परिषद् दुवै प्रभावशाली रहेका छन् । संयुक्त राष्ट्र संघको साधारण सभाले सन् २००१ देखि नै जन्मदर्ताको मुद्दा र पहिचान संरक्षणका लागि प्रत्येक बर्ष कम्तिमा एउटा संकल्प समावेश गर्ने गरेको छ । सभाले आफ्नो संकल्पहरूमा पक्ष राष्ट्रले कानुन बमोजिम बालबालिकाको जन्मदर्ता गर्न पाउने अधिकार सुनिश्चितताको लागि प्रयासहरूमा तिव्रता दिनुपर्ने आग्रह गरेको छ । मानव अधिकार परिषद्ले जन्मदर्ताको मुद्दालाई बसाईसराई, बाल अधिकार, बलपुर्वक राष्ट्रियताबाट वञ्चित गराउने तथा बालबालिकाविरूद्ध हुने यौनजन्य हिंसा विरुद्ध लड्ने लगायतका विषयगत संकल्पहरूमा सम्बोधन गरेको छ ।[१४]

माथी उल्लेखित नेपाल पक्ष राष्ट्र भएको अन्तर्राष्ट्रिय मानव अधिकार दस्तावेजहरूले सृजना गरेका दायित्वहरु बाहेक नीतिगत घोषणापत्रहरु तथा व्यक्तिगत घटना दर्ता र पहिचान सम्बन्धी तय गरेका लक्ष्यहरु मार्फत समय-समयमा नेपालले गरेको अन्य अन्तर्राष्ट्रिय प्रतिवद्धताहरु पनि रहेका छन् ।

## दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्य, सन् २०३० सम्ममा गरिबीका सबै आयामहरूको निवारण गर्ने तथा समान, न्यायपूर्ण र सुरक्षित विश्वको सृजना गर्नका लागि गरिएको साहसी विश्वव्यापी सम्झौता हो । १७ दिगो विकास लक्ष्यहरु तथा १६९ लक्ष्यहरु हाम्रो विश्व रुपान्तरणको भागहरु हुन् । दिगो विकास प्रस्ताव २०३० लाई १९३ राष्ट्रहरूले सेप्टेम्बर २०१५ मा आयोजना भएको संयुक्त राष्ट्र संघको ऐतिहासिक सम्मेलनमा ग्रहण गरेको हो र जनवरी १, २०१६ बाट यो कार्यान्वयनमा आएको छ । यी लक्ष्यहरूले गरिबी निवारण र आर्थिक विकास रणनीति जसले शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र रोजगारी, जलवायु परिवर्तन र वातावरणलाई संरक्षण लगायतका सामाजिक आवश्यकताको सम्बोधन गर्दछ, त्यसलाई साथसाथै लग्नुपर्ने कुराको पहिचान गरेका छन् ।[१५] दिगो विकास लक्ष्यहरु मध्येका एक लक्ष्यले राष्ट्रले २०३० सम्म सबै नागरिकलाई जन्मदर्ता लगायतका कानूनी

१०. जन्म दर्ता तथा प्रत्येक व्यक्तिलाई कानुनको अगाडी जुनसुकै ठाउँमा व्यक्तिको रुपमा पहिचानः मानव अधिकारका लागि संयुक्त राष्ट्र संघिय उच्च आयोगको कार्यालय, युनिसेफ र प्लान ईन्टरन्यासनलः पृ. १६

११. बाल अधिकारसम्बन्धी महासन्धि, १९८९, धारा ७

१२. ऐ.

१३. बाल अधिकारसम्बन्धी महासन्धि, १९८९, धारा ८

१४. ऐ.

१५. http://www.un.org/sustainabledevelopment/development-agenda/ visited on August 11, 2017.

पहिचान प्रदान गनुपर्ने अनिवार्यता गरेको छ ।[१६] दिगो विकास लक्ष्य १ लक्ष्य १३ ले राष्ट्रिय रुपमा सबैका लागि उर्पयुक्त सामाजिक संरक्षण प्रणाली र उपायहरुको कार्यान्वयन तथा २०३० सम्ममा गरिव तथा जोखिममा रहेकाहरुका पहिचान प्राप्त गर्ने लक्ष्य राखेको छ जुन व्यक्तिगत घटना दर्तामा विश्वव्यापीरुपमा पहुँच विना सम्भव छैन ।[१७]



दिगो विकास लक्ष्यले कानूनी पहिचानको विशेषत जन्मदर्ताको सुरक्षामा केन्द्रित हुने कुरामा औचित्य प्रस्तुत गर्दछ । केही राष्ट्रहरूले यसमा राम्रो प्रगति गरे तापनि २०१० देखि २०१६ सम्ममा उपलव्ध भएका राष्ट्रहरूको तथ्याङ्कको आधारमा जन्मदर्ताको विश्वव्यापी औसत ७१ प्रतिशत रहेको छ र उप-साहारा अफ्रिकाका आधाभन्दा केही कम (४६ प्रतिशत) ५ बर्ष मुनिका बालबालिकाहरूको जन्मदर्ता रहेको पाईएको छ ।

## ४. संवैधानिक सुनिश्चितता

नेपालको संविधानले कुनै पनि नेपाली नागरिक नागरिकता प्राप्त गर्ने हकबाट वञ्चित नहुने कुराको सुनिश्चितता गरेको छ ।[१८] यो प्रावधान विशेषत यस कारण पनि महत्वपूर्ण छ किनकी नागरिकताको प्रमाणपत्र भनेको पहिचान सम्बन्धी आधारभूत दस्तावेज हो, नागरिकता अन्य प्रकारको महत्वपूर्ण कानूनी पहिचानका लागि औपचारिक पूर्व आवश्यकता पनि हो । यसको महत्व यसकारण पनि रहेको छ किनकी व्यवहारमा प्रायः नागरिकता धैरै प्रकारको लाभ वा सेवासुविधा प्राप्त गर्नका लागि अनिवार्य तथा अन्य कागजातहरूको सट्टामा मागिने दस्तावेज पनि हो ।

बालबालिकाको मौलिक अधिकारको विषयमा विशेषत संविधानको धारा ३९(१) ले *'प्रत्येक बालबालिकाले नाम र आफ्नो पहिचान सहितको जन्मदर्ता गर्न हक हुनेछ'* भन्ने उल्लेख गरेको छ ।[१९]

यसै प्रकारले, संविधानका अन्य धाराहरूमा बालबालिकाको शिक्षा, स्वास्थ्य, हेरचाह, खेलकुद, मनोरञ्जन तथा पूर्णरूपमा व्यक्तित्व विकास गर्न पाउने अधिकारहरूको सुनिश्चितता गरेका छन् । जन्मदर्ता दस्तावेज व्यक्तिको पहिलो र आधारभूत कानुनी दस्तावेज भएकोले यसले निजका लागि अन्य अधिकारहरू, योग्यताहरू तथा अवसरहरूको प्राप्तिका ढोका खोल्ने कार्य गर्दछ । तथापि, यदि बालबालिकाको जन्मदर्ता भएको छैन भने उक्त बालक वा बालिकाले राज्यले प्रदान गर्ने लाभहरूबाट वञ्चित हुनुपर्छ । त्यसकारण व्यक्तिगत घटना दर्ताको एक महत्वपूर्ण पक्ष, जन्मदर्ता गर्न पाउने अधिकार, नेपालमा रहेका प्रत्येक बालबालिकाको लागि मौलिक अधिकार हो । बालबालिकाले आफ्नो जन्मदर्ता गर्न पाउने मौलिक अधिकारको तब मात्र प्रयोग गर्न सक्नेछन् जब व्यक्तिगत घटना दर्ता सम्बन्धी कानुनहरूले प्रत्येक बालबालिकाको जन्मदर्ताको सुनिश्चितता गर्दछ ।

---

१६. दिगो विकास लक्ष्यको लक्ष्य १६.९ (२०१५-२०३०)
१७. http://www.un.org/sustainabledevelopment/development-agenda/ visited on August 11, 2017.
१८. नेपालको संविधानको धारा १०(१)
१९. नेपालको संविधानको धारा ३९(१)

## ५. कानुनी प्रावधान

नेपालमा कानुनी पहिचानका दस्तावेज सम्बन्धमा धेरै कानुनी प्रावधानहरू भए तापनि नेपाल नागरिकता ऐन, २०६३, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६, बालबालिका सम्बन्धी ऐन, २०७५ मुख्य ऐनहरू हुन् जसले व्यक्तिको कानुनी पहिचानका सम्बन्धमा कानुनी प्रावधान र प्रक्रियाको विश्लेषण गर्छ ।




### क) बालबालिका सम्बन्धी ऐन, २०७५

बालबालिकाको अधिकारको रक्षा तथा कार्यान्वयनमा आफ्नो बलियो प्रतिबद्धतालाई प्रतिबिम्बित गर्न तथा यस सम्बन्धमा अन्तर्राष्ट्रिय प्रतिबद्धताहरूलाई पूरा गर्न नेपाल सरकारले विभिन्न कानुनहरूको निर्माण गरेको छ । बालबालिका सम्बन्धी ऐन, २०७५ नेपाल सरकारले बालबालिकाको अधिकारलाई संरक्षण तथा प्रवर्द्धन गर्न, तथा उनीहरूको उच्चत्तम हितलाई संरक्षण तथा कार्यान्वयन गर्ने तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता पुरा गर्ने उद्देश्यले ल्याएको विशेष कानुन हो । यस ऐनले बालबालिकाको नामाकरण, राष्ट्रियता तथा पहिचानको अधिकारलाई मान्यता दिएको छ ।[२०] यस ऐनमा रहेका सम्बद्ध प्रावधानहरु देहाय अनुसार छन्:

- प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामाकरण र जन्मदर्ताको हक हुने व्यवस्था,
- बालबालिकाको जन्मदर्ता गर्दा उसको बाबु र आमाको नाम समेत अनिवार्य रूपले दर्ता गर्नुपर्ने । नाम राख्दा बालबालिकाको बाबु र आमा उपलब्ध नभएमा वा उपलब्ध हुनसक्ने सम्भावना नरहेमा बालबालिकाको नाम राख्ने जिम्मेवारी आफूलाई हेरचाह गर्ने परिवारका अन्य सदस्य वा संरक्षकको हुने ब्यवस्था,
- जबरजस्ती करणी वा प्रचलित कानुन बमोजिम सजाय हुने हाडनाता करणीबाट जन्मिएका बालबालिकाको आमाले चाहेमा आमाको मात्र नाम उल्लेख गरी जन्मदर्ता गरि दिनुपर्ने व्यवस्था,
- प्रत्येक बालबालिकाले चाहेमा आफ्नो बाबु वा आमा वा दुवैको थर प्रयोग गर्न पाउने व्यवस्था,
- कुनै औपचारिक कानुनी काम कारबाही वा लिखतमा कानुन बमोजिम बाबु, आमा तथा बाजे, बजैको नाम उल्लेख गर्नुपर्ने भएमा त्यस्ता बालबालिकाको बाबु पत्ता नलागेको अवस्थामा निजले आमा र आमाको बाबु, आमाको नाम उल्लेख गर्न सक्नेछ र आमाको पनि नाम पत्ता नलागेको भए सोही ब्यहोरा उल्लेख गरे पुग्ने व्यवस्था,
- आमा, बाबु वा संरक्षकले अनुचित लाभ लिने मनसायले बालबालिकाको पहिचान लुकाउने गरी नाम, थर परिवर्तन गर्न नहुने व्यवस्था।

---

२०. बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ४

## ख) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ राष्ट्रिय परिचयपत्र, जन्मदर्ता लगायत अन्य व्यक्तिगत घटना दर्तालाई व्यवस्थित गर्ने उद्देश्य सहित ल्याईएको अर्को कानुन हो । यस ऐनले जन्मदर्ताका सम्बन्धमा गरेका प्रमुख व्यवस्थाहरू देहाय अनुसार छन् :

- जन्मको सूचना बालबालिकाको बाबु वा आमाले बालबालिका जन्मेको ३५ दिनभित्र तोकिए बमोजिमको फाराम भरी स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ऐनले तोकेको अवस्थाहरूमा दिनुपर्ने,[२१]
- नवजात बालबालिकाको बाबु र आमाको अनुपस्थितिमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले बालबालिका जन्मेको ३५ दिनभित्र स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा जन्मदर्ताको लागि सूचना दिन सक्ने,[२२]
- बालबालिकाको जन्म नेपाल बाहिर भएको अवस्थामा जन्मदर्ताको सूचना दिनुपर्ने कर्तव्य भएको व्यक्तिले बालबालिका जन्मेको ३५ दिनभित्र सम्बन्धित नियोगमा वा नेपाल आएपछि ३५ दिनभित्र स्थानीय पञ्जिकाधिकारीको कार्यलयमा सूचना दिनु पर्ने,[२३]
- म्याद नाघेपछि जन्मदर्ता गराउन आएमा तोकिए बमोजिमको विलम्ब शुल्क लिई जन्मदर्ता गर्नुपर्ने,[२४]
- राष्ट्रिय परिचयपत्र लागू भएको जिल्लामा बसोबास गर्ने व्यक्तिको मृत्यु दर्ता बाहेक अन्य व्यक्तिगत घटना जन्मदर्ता राष्ट्रिय परिचय नम्बर प्राप्त भएपछि मात्र जन्मदर्ताको प्रमाणपत्र जारी गर्ने,[२५]
- स्वतः वदर हुने विवाह जस्तो बालविवाह, वहुविवाह, हाडनाताको विवाह दर्ता गर्न नहुने, तर स्वतः बदर हुने विवाहको परिणामबाट जन्मिएका शिशुको जन्मदर्ता गर्नुपर्ने विषयलाई प्रतिकूल असर नपर्ने,[२६]
- यो ऐन लागू भएपछि जन्मेको बच्चाको उमेर, नाम, थर वा अन्य विवरण यस ऐनबमोजिम एक पटक दर्ता भई दर्ताको प्रमाणपत्र सच्याउनु परेमा लिएको एक वर्षभित्र स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा तोकिएको ढाँचामा निवेदन दिन सक्ने,[२७]
- प्रचलित कानुन बमोजिम धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यक्तिले सम्बन्धित स्थानीय पञ्जिकाधिकारी समक्ष यसको सूचना दर्ता गर्नु पर्ने,[२८]
- कुनै व्यक्तिको मृत बच्चा जन्मिएको वा बच्चा जन्मिनासाथ मृत्यु भएकोमा स्थानीय पञ्जिकाधिकारी समक्ष सो को सूचना दर्ता गराउन सकिने ।[२९]

## ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिका तथा गाउँपालिकाहरूको काम, कर्तव्य र अधिकारको व्यवस्था गरेको हुनाले यो ऐन समेत बालबालिकाको जन्मदर्ताको कार्यसँग सम्बन्धित छ । नगरपालिका र गाउँपालिकाहरूको स्थानीय सेवाको व्यवस्थापनका कामहरूमध्ये एउटा महत्वपूर्ण काम जन्मदर्ताको अभिलेख राख्ने तथा जन्मदर्ताको लागत अभिलेख राख्ने तथा पञ्जीकरण व्यवस्थापन गर्ने रहेको छ ।[३०] स्थानीय तथ्याङ्क

---

२१. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा १८
२२. ऐ. को दफा १८(१)(क)
२३. ऐ. को दफा १८(२)
२४. ऐ. को दफा १९(३)
२५. ऐ. को दफा २०(२)
२६. ऐ. को दफा२१(२)(३)
२७. ऐ. को दफा २५(१)
२८. ऐ. को दफा २९(१)
२९. ऐ. को दफा २९(२)
३०. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२)(चर)

सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने अधिकार पनि स्थानीय सरकारलाई दिएको छ । आफ्नो कार्यक्षेत्रभित्र भएका बालबालिकाको जन्मको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापनको साथै गाउँपालिका/नगरपालिकाहरू व्यक्तिगत घटनाहरूको दर्ता गराउने कार्यमा जनचेतना अभिवृद्धि गर्ने कार्यको जिम्मा वडा कार्यालयलाई दिएको छ।[३१]

## घ) मुलुकी देवानी संहिता, २०७४

मुलुकी देवानी संहिता, २०७४ मा आमा वा बुबाबाट बालबालिका जन्मेको ३ महिनाभित्र नेपाल सरकारले राजपत्रमा तोकेको सरकारी अधिकारी माझ जन्मदर्ता गराईसक्नु पर्नेछ ।[३२] जन्मदर्ता किताबमा दर्ता गर्ने अधिकारीबाट जन्मदर्ता गराउनु पर्नेछ । त्यसपश्चात् जन्मदर्ता गराएमा तोकिएको जरिवाना लाग्नेछ । दर्ता किताबमा नाम, थर, जन्म मिति, जन्म स्थान, आमा बाबु र हजुर बुबाआमाको नाम र ठेगाना उल्लेख गर्नुपर्नेछ । संहिताले जबरजस्ती करणीका कारणले गर्भधारण गरी जन्मिएका, हाडनाता करणीमा सजाय हुने नाताका पुरुषसँग शारीरिक सम्पर्कबाट महिलाले गर्भधारण गरी जन्मिएका तथा बहुविवाह लगायतका कानुनी रुपले बदर हुनसक्ने विवाहबाट जन्मिएका शिशुको कानुन बमोजिमको हकमा कुनै असर पर्ने छैन भनी बालबालिकाको अधिकारको संरक्षण गरेको छ ।[३३]

## ङ) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७

नेपाल सरकारले राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन, २०७६ लाई कार्यान्वयन गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ जारी गरेको छ । यस नियमावली अन्तर्गतका सम्बन्धित व्यवस्थाहरू देहाय अनुसार छन्ः

- जन्मदर्ताको सूचना दिंदा निवेदकले अनुसूची-१० बमोजिमको सूचना फाराम भरी स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा पेश गर्नुपर्ने,[३४]
- जन्मदर्ताको सूचकका रुपमा बुवा वा आमा वा अन्य संरक्षक वा माथवर व्यक्ति नभएमा स्थानीय तहको सम्बन्धित वडा अध्यक्षले सूचकको रुपमा जन्मदर्ता गर्नका लागि सूचना दिनु पर्ने,[३५]
- जन्मदर्ता सम्बन्धी सूचना प्राप्त भएपछि स्थानीय पञ्जिकाधिकारीले प्राप्त सूचना फाराम तथा प्रमाणको सम्बन्धमा आवश्यकता अनुसार जाँचबुझ गरी जन्मदर्ता अनुसूची-१५ बमोजिमको दर्ता किताबमा दर्ता गर्नुपर्ने,
- बाबु आमाको सम्बन्ध विच्छेद भई आमाको स्थायी ठेगाना फरक भएमा आमासँग रहने छोराछोरीको व्यक्तिगत घटना दर्ता गर्न आमाको स्थायी ठेगाना भएको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा सूचना दिन सकिने । यसरी सूचना दिंदा बाबु तर्फको स्थायी ठेगाना भएको स्थानीय पञ्जिकाधिकारीको कार्यालयबाट त्यस्तो व्यक्तिगत घटना दर्ता भए वा नभएको व्यहोरा बुझ्नु पर्ने । दर्ता भएको नदेखिएमा आमाको ठेगानामा दर्ता गरिदिने,[३६]

---

३१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२(ग)(२७)
३२. मुलुकी देवानी संहिता, २०७४ को दफा ११३
३३. ऐ. को दफा ७५
३४. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ को नियम १६ को उपनियम १(क)
३५. ऐ. को नियम १६ को उपनियम २
३६. ऐ. को नियम १६ को उपनियम ७, ८, ९, १०

- व्यक्तिगत घटना स्थायी ठेगानाभन्दा फरक स्थानमा घटेको भए सम्बन्धित सूचकले त्यस्तो घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा सूचना दिएमा सो सम्बन्धमा बुझि घटना दर्ता गर्नुपर्ने,[३७]
- कारागारमा जन्मेको बच्चाको जन्मको सूचना कारागार कार्यालयको प्रमुख मार्फत दिने,[३८]
- विवरण प्रमाणित भई आएमा सम्बन्धित ब्यक्तिको स्थायी ठेगाना रहेको स्थानको स्थानीय पञ्जिकाधिकारीले त्यस्तो बच्चाको जन्मदर्ता गर्नुपर्ने,[३९]
- व्यक्ति बेपत्ता भएको वा नाता कायम भएको अवस्थामा घटना दर्ता गर्नुपर्ने अवस्था भएमा सम्बन्धित निकायबाट त्यस्तो व्यहोरा प्रमाणीकरण भएपछि मात्र स्थानीय पञ्जिकाधिकारीले रित पुऱ्याई घटना दर्ता गर्ने,[४०]
- कर्मचारीको हकमा कार्यरत स्थानबाट व्यक्तिगत घटना दर्ता गर्न सक्ने,[४१]
- पारिवारिक लगत तयार गर्ने,[४२]
- यदि कुनै व्यक्ति जन्मदर्ताजस्तो व्यक्तिगत घटना दर्ता गर्न ऐनमा व्यवस्था भएको समयभन्दा ढिलो आएमा स्थानीय पञ्जिकाधिकारीले विलम्व शुल्क रु २००/ लिई दर्ता गरिदिनुपर्ने,[४३]
- नेपालमा रहेका विदेशी नागरिकले व्यक्तिगत घटना (जस्तैः जन्म) दर्ता गर्नुपर्ने भएमा निजको राहदानी वा राष्ट्रियता खुलेको प्रमाणपत्र, व्यक्तिगत घटना (बालबालिकाको जन्म) भएको प्रमाणित हुने कागजात वा विवरण र नेपालमा कुटनीतिक नियोग रहेको मुलुकको विदेशी नागरिक भए त्यस्तो नियोगको सिफारिस समेत संलग्न राखी आफू बसोबास गरेको स्थानको स्थानीय पञ्जिकाधिकारी समक्ष निवेदन दिनु पर्ने ।

सविन श्रेष्ठ विरुद्ध प्रधानमन्त्री, मन्त्रीपरिषद्को कार्यालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय समेत[४४] को मुद्दामा निवेदकले जन्म, मृत्यु र अन्य व्यक्तिगत घटना दर्ता ऐनमा बालबालिकाको जन्मदर्ता गर्दा अभिभावकको नागरिकता प्रमाणपत्र आवश्यक पर्ने व्यवस्थालाई खारेज गर्न माग गरेकोमा संघीय मामिला मन्त्रालयले बालबालिकाको जन्मदर्ता गर्न आमाबाबुको नागरिकताको प्रमाणपत्र विना पनि जन्मदर्ता भइरहेको लिखित जवाफ पेश गरेको थियो । सर्वोच्च अदालतबाट नेपाल सरकारले नागरिकता प्रमाणपत्र अनिवार्य रुपमा आवश्यक नभएको स्वीकार गरेकोले रिट जारी गर्न आवश्यक नभएको आदेश गरेको थियो ।

---

३७. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ को नियम १६ को उपनियम ११ र १२
३८. ऐ. को नियम १६ को उपनियम १३
३९. ऐ. को नियम १७ को उपनियम ६
४०. ऐ. को नियम १७ को उपनियम ४
४१. ऐ. को नियम २६
४२. ऐ. को नियम २७
४३. ऐ. को अनुसूची ३
४४. सविन श्रेष्ठ वि. प्रधानमन्त्रीको कार्यालय, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय समेत, रिट नं. ०६९-ws-००७९, फागुन २२, २०७० को निर्णय

## ६. सरकारले लिएका नयाँ पहलहरू

सरकारबाट व्यक्तिगत घटना सम्बन्धी दर्ताका प्रक्रियामा निम्न नयाँ कदमहरू चालिएका छन्ः

### क. केन्द्रिय पञ्जिकरण विभागको स्थापना र सफ्टवेयरको विकास

व्यक्तिगत घटना दर्ता र तथ्याङ्कसँग सम्बन्धित कार्यको लागि एउटा समर्पित संस्थाको खाँचो रहेको कुरालाई मनन गर्दै गृह मन्त्रालय अन्तर्गत राष्ट्रिय परिचयपत्र व्यवस्थापन केन्द्र २०६७/४/१ मा स्थापना भएको थियो । त्यसैगरी २०७१ असोजमा केन्द्रिय पञ्जिकरण विभागको स्थापना भई २०७१ फागुनमा औपचारिक उद्घाटन भएको थियो । २०७५/६/२८ मा राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको स्थापना भयो । उक्त विभागलाई निम्न कार्यको व्यवस्थापन र संचालनका निमित्त देहायका जिम्मेवारी प्रदान गरिएको छः[४५]

- व्यक्तिगत घटना दर्ता व्यवस्थापन प्रणाली (जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद र बसाइ सराई) र
- स्थानीय निकायबाट प्रदान हुने सामाजिक सुरक्षा कार्यक्रमको संचालन (वृद्ध भत्ता, एकल महिला, अशक्त, जातिय अल्पसंख्यक र कर्णाली र दलित समुदायका बालबालिकाको खाद्यान्न सुविधा) विभागले विद्युतीय कार्य प्रणालीको शुरुवात गरी सेवा वितरण, अभिलेख व्यवस्थापन र रिपोर्टिङ्ग प्रणालीमा सुधार गर्न शुरुवात गरिसकेको छ । यसका साथै सफ्टवेयरमा आधारित अनलाइन व्यक्तिगत घटना दर्ता प्रणाली कार्यक्रम र जानकारी व्यवस्थापन प्रणालीको शुरुवात भएको छ । यस विभाग व्यक्तिगत घटना दर्ता प्रणाली र सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी बनाउन प्रतिबद्ध रहेको छ ।[४६]

### ख. व्यक्तिगत घटना दर्ता सप्ताह उत्सव

नेपाली वर्षको पहिलो हप्तालाई व्यक्तिगत घटना दर्ता सप्ताह उत्सवको रुपमा मनाउने सरकारले निर्णय गरेको छ । यस उत्सवले व्यक्तिगत घटना दर्ता सम्बन्धी सामाजिक जनचेतना फैलाउने र समुदायलाई व्यक्तिगत घटना दर्ता गर्न प्रोत्साहन गर्नेछ । व्यक्तिगत घटना दर्ता गर्नु हरेक व्यक्तिको कर्तव्य भएको र सो कर्तव्यबाट विमुख हुँदा विभिन्न अधिकारहरू जस्तै कानुनी पहिचान, सरकारले प्रदान गर्ने सेवा र सुविधाबाट वञ्चित हुनुपर्ने जानकारी पनि जनचेतना मार्फत प्रदान गरिनु पर्छ ।

### ग. व्यक्तिगत घटना दर्ता र विद्यालय भर्ना

विद्यालय भर्ना गर्दा सरकारले जन्मदर्तालाई अनिवार्य गरेको छ ।[४७] तर जन्मदर्ता गर्ने प्रयास गर्दागर्दै पनि दर्ता हुन नसकेको अवस्थामा बालबालिकालाई शिक्षाबाट वञ्चित हुन नदिन ध्यान पुऱ्याउनु पर्नेछ ।

### घ. नीति तथा कानुनी कार्यविधि सुधार र स्पष्ट पार्न जारी गरिएको परिपत्र

#### (१) बुबाआमा नभएका व्यक्तिको जन्मदर्ता

बुबा आमा नभएका व्यक्तिको जन्मदर्ता गराउँदा सरकारबाट नियुक्त निर्वाचित स्थानीय प्रतिनिधि वा सो नभएमा स्थानीय सरकारी अधिकारीबाट दर्ता गराउन सकिनेछ ।[४८]

---

४५. http://docr.gov.np/Home

४६. http://docr.gov.np/Home

४७. २०५३ कार्तिक ४० मा संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयले विद्यालय भर्ना गर्दा जन्म दर्ता अनिवार्य हुनुपर्ने निर्देशन सहित परिपत्र जारी गऱ्यो। तत्पश्चात् यसैअनुरुप हुँदै आएको छ। दशौं पञ्चवर्षिय योजनामा प्राथमिक शिक्षा निःशुल्क गर्ने योजना ल्यायो। बाल अधिकार महासन्धि अनुरुप पनि जन्म दर्ताको अभावमा बालबालिका शिक्षाबाट वञ्चित गरिनु हुन्न भनेर २०६० मंसिर १७ मा संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयले सम्पूर्ण जिल्ला विकास समितिहरूलाई निर्देशन जारी गऱ्यो। तर पनि धेरैजसो विद्यालयहरू अस्पष्ट रहेको र केही विद्यालयहरूमा विद्यार्थीहरूलाई भर्नाको लागि जन्म दर्ता अनिवार्य गरेको पाइन्छ।

४८. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सूचनामा नेपाल राजपत्रमा प्रकाशित, फागुन २६, २०५९

## (२) अन्तरलिङ्गी बालबालिकाको जन्मदर्ता

अन्तरलिङ्गी बालबालिकाको हकमा जन्मदर्ता गराउँदा जैविक संरचना जस्तो भए तापनि जन्मदर्ता पहिलो अधिकार भएकोले जन्मदर्ता गराउनु पर्छ । पछि भविष्यमा आ-आफ्नो इच्छाअनुसार लिङ्ग निर्धारण गर्न पाउनेछ ।[४९]

## (३) विदेशमा जन्मिएका र बाबुको ठेगान नभएको बालबालिकाको जन्मदर्ता

जन्मदर्ता गर्ने फाराममा बुबा र हजुरबुबाको मात्र नाम भर्ने खण्ड उल्लेख गरिएको छ । तर बुबा वा हजुरबुबाको नाम थाहा नभएको स्थितिमा दर्ता प्रक्रिया अप्ठेरो हुन जान्छ । असोज १४, २०६७ मा लागु भएको नीति अनुसार कानुनी विधिपूर्वक बालबालिका नेपाल सरहदमा रहेमा जिम्मेवार व्यक्तिबाट निवेदन दर्ता गरेमा जन्मदर्ता गर्न सकिनेछ ।[५०]

## (४) धर्मपुत्र र धर्मपुत्रीको जन्मदर्ता

एउटा शिशु बेवारिसे फेला परेकोमा एक व्यक्तिले धर्मपुत्रीको रूपमा ग्रहण गरेको तर जन्मदर्ता कसरी गर्ने भन्ने प्रश्न उठेकोमा सरकारले त्यस्ता बालबालिकाको जन्मदर्ता गर्ने र धर्मपुत्र वा पुत्री ग्रहण गर्ने आमा वा बाबुलाई सो बालबालिकाको परिवारको सदस्य मान्नुपर्ने परिपत्र जारी गरेको थियो ।[५१]

## (५) कारागारमा रहेका बालबालिकाको जन्मदर्ता

कारागारमा जन्मिएका बालबालिका वा बाबुआमा दुवै कारागारमा रहेको अवस्थामा जन्मदर्ता गराउँदा कारागार कार्यालयबाट प्रमाणित गराई सो स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा पठाई पञ्जिकाधिकारीबाट दर्ता गर्नुपर्नेछ ।[५२]

## (६) जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकबाट जन्मिएका बालबालिकाको जन्मदर्ता

नेपाली नागरिकता वंशजको आधारमा प्राप्त गर्न सकिन्छ । तर विशेष परिस्थितिमा नेपाल नागरिकता ऐन २०६३ ले विगतमा नेपालभित्र जन्मिएका व्यक्तिलाई पनि नागरिकता प्रदान गर्ने व्यवस्था गरिएको थियो । तर त्यस्ता व्यक्तिहरूबाट नेपाली नागरिकता प्राप्त नगर्दै जन्मिएको बालबालिकाको जन्मदर्ता गराउने हकमा के गर्ने भन्ने अन्योल परेकोमा सरकारले आमाबुबाको नागरिकता पेश गरेमा जन्मदर्ता गर्न अनुमती दिने निर्णय गरेको थियो ।[५३]

## (७) बुबाको अनुपस्थितिमा जन्मदर्ता

सर्वोच्च अदालतबाट भएको निर्णय पछि माघ १२, २०६३ मा जारी भएको सरकारी परिपत्रमा स्थानीय पञ्जिकाधिकारीले बुबाको पत्ता नलागेका बालबालिकाको जन्मदर्ता गराउँदा 'पत्ता नलागेका' भनी उल्लेख गरी जन्मदर्ता गर्ने निर्देशन दिएको थियो । यद्यपि यसो गर्दा सम्बन्धित बालबालिकाको मर्यादामा आँच आउने देखिन्छ ।

---

४९. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको परिपत्र, आषाढ १०, २०६४
५०. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको परिपत्र, असोज १४, २०६७
५१. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको परिपत्र, असोज १४, २०६६
५२. संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले जारी गरेको परिपत्र, बैशाख २२, २०७०
५३. ऐ.

## ७. विभिन्न देशहरुका घटना दर्ता सम्बन्धी कानुनी प्रावधानहरुको विश्लेषण

व्यक्तिगत घटना दर्तासम्बन्धी असल अभ्यास समेट्न अन्य देशहरुको व्यक्तिगत घटना दर्तासम्बन्धी ऐनबारे विश्लेषण गरिएको छ । उल्लेखित ऐनहरुको विश्लेषण गरिएको थियोः



**अस्ट्रेलिया**
जन्म, मृत्यु र विवाह दर्ता ऐन, १९९७



**बंगलादेश**
जन्म र मृत्यु दर्ता ऐन, २००४



**न्यूजिल्यान्ड**
जन्म, मृत्यु, विवाह र सम्बन्ध दर्ता ऐन, १९९५



**कोरिया**
पारिवारिक सम्बन्धको दर्ता सम्बन्धी ऐन, २०१४



**संयुक्त अधिराज्य**
जन्म र मृत्यु दर्ता ऐन, १९९२



**अफगानिस्तान**
अफगान देवानी संहिता, १९७७



**संयुक्त राज्य अमेरिका**
राज्यको व्यक्तिगत घटना दर्ता सम्बन्धी नमुना रणनीतिक ऐन, १९९२



**जापान**
पारिवारिक दर्ता कानुन, १८७२



**भारत**
जन्म र मृत्युको दर्ता ऐन, १९६९



**माल्दिभ्स**
जन्मदर्ता र मृत्यु प्रमाणितकरण कानुन, १९९३



**दक्षिण अफ्रिका**
१९९२ को जन्म र मृत्यु दर्ता ऐन ५१



**भुटान**
नागरिक दर्ता र जनगणना विभाग, गृह तथा सांस्कृतिक मामिला मन्त्रालय

## क) व्यक्तिगत घटना दर्ताको सुची

अस्ट्रेलियाको जन्म, मृत्यु र विवाह दर्ता ऐन १९९७ अनुसार, जन्म, ग्रहण, मृत्यु, विवाह, समलिङ्गी विवाह दर्ता हुन्छ ।[५४] न्यूजिल्यान्डको जन्म, मृत्यु, विवाह र सम्बन्ध दर्ता ऐन, १९९५ अनुसार, जन्म, मृत्यु, विवाह, समलिङ्गी विवाह दर्ता गरिन्छ ।[५५] संयुक्त अधिराज्यको जन्म र मुत्यु दर्ता ऐन, १९९२ ले, जन्म, परित्याग गरिएको बालबालिकाहरू, मृतक अवस्थामा जन्मिएको शिशु र मृत्युको दर्ता गर्दछ ।[५६] त्यसैगरी संयुक्त राज्य अमेरिकाको राज्यको व्यक्तिगत घटना दर्ता सम्बन्धी नमुना रणनीतिक ऐन, १९९२ ले जन्म, भेटिएको बालबालिका, मृत्यु, ग्रहण र विवाह दर्ता गर्दछ ।[५७] भारतको जन्म र मृत्यु दर्ता ऐन १९६९ अनुसार आफ्नो देशमा भएको जन्म र मृत्यु दर्ता गरिन्छ ।[५८] दक्षिण अफ्रिकाको १९९२ को जन्म र मृत्यु दर्ता ऐन ५१ ले जन्म, त्यागेका बालबालिका वा टुहुरा बालबालिका र मृत्युको दर्ता गर्दछ ।[५९] बंगलादेशको जन्म र मृत्यु दर्ता ऐन, २००४ अनुसार देशमा भएका जन्म र मृत्युको दर्ता गर्दछ ।[६०] कोरियामा नागरिक दर्ता र व्यक्तिगत तथ्यांक सम्बन्धी पारिवारिक सम्बन्धको दर्ता सम्बन्धी ऐन, २०१४ ले घटना दर्ता गर्दछ ।[६१] अफगानिस्तानमा नागरिक दर्ता र व्यक्तिगत तथ्यांक सम्बन्धी अफगान देवानी संहिता, १९७७ रहेको छ ।[६२] जापानमा पारिवारिक दर्ता सम्बन्धी ऐन, १८७२ अनुसार घटना दर्ता गर्दछ ।[६३] माल्दिभ्समा जन्मदर्ता र मृत्यु प्रमाणिकरण सम्बन्धी कानुन, १९९३ अनुसार नागरिक सम्बन्धी दर्ता गर्दछ ।[६४] भुटानमा नागरिक दर्ताको काम गृह तथा सांस्कृतिक मामिला मन्त्रालय अन्तर्गतको नागरिक दर्ता र जनगणना विभागले गर्दछ ।[६५]

## ख) व्यक्तिगत घटना दर्ताको सूचक

### अस्ट्रेलिया

जीवित वा मृतक रुपमा जन्म भएको बच्चाको बारेमा जिम्मेवार व्यक्तिले रजिष्ट्रार जनरललाई लिखित सूचना दिनु पर्दछ ।[६६] यहाँ, जिम्मेवार व्यक्तिको अर्थ, यदि शिशु अस्पतालमा जन्म भएको भए वा जन्मिएको २४ घन्टामा अस्पताल ल्याएको भए अस्पतालको मुख्य कार्यकारी अधिकृत[६७] वा अरू कुनै घटना भए, जन्मको बेला, जन्म दिने आमाको व्यवसायिक हेरविचार गर्न जिम्मेवार चिकित्सक वा सुडिनी । शिशु मृतक अवस्थामा जन्मिएको भएमा, प्रासंगिक चिकित्सकले सूचना प्रदान गर्नु पर्दछ ।[६८] शिशुको जन्मको दर्ता शिशुको आमाबुबाको जिम्मेवारी हो ।[६९] यदि बालबालिका भेटिएको भएमा, त्यस बालबालिकाको जन्मदर्ता, जो मानिसको जिम्मामा बालबालिका छ सोहि व्यक्तिको जिम्मेवारी हो ।[७०]

---

५४. जन्म, मृत्यु र विवाह दर्ता ऐन, १९९७
५५. जन्म, मृत्यु, विवाह र सम्बन्ध दर्ता ऐन, १९९५
५६. जन्म र मुत्यु दर्ता ऐन, १९९२
५७. राज्यको व्यक्तिगत घटना दर्ता सम्बन्धि नमुना रणनीतिक ऐन, १९९२
५८. जन्म र मृत्यु दर्ता ऐन १९६९
५९. १९९२ को जन्म र मृत्यु दर्ता ऐन ५१
६०. जन्म र मृत्यु दर्ता ऐन, २००४
६१. नागरिक दर्ता र व्यक्तिगत तथ्यांक सम्बन्धी पारिवारिक सम्बन्धको दर्ता सम्बन्धी ऐन, २०१४
६२. अफगान देवानी संहिता, १९७७
६३. पारिवारिक दर्ता सम्बन्धी ऐन, १८७२
६४. जन्म दर्ता र मृत्यु प्रमाणिकरण सम्बन्धी कानुन, १९९३
६५. https://dcrc.mohca.gov.bt/index.php/birth-registration/
६६. जन्म, मृत्यु र विवाह दर्ता ऐन, १९९७, दफा ५(१)
६७. ऐ., दफा ३ (क)
६८. ऐ., दफा ४
६९. ऐ., दफा ८ (१)
७०. ऐ., दफा ८ (२)

### न्यूजिल्यान्ड

न्यूजिल्याण्डमा जन्मेका प्रत्येक बालबालिकाको सूचना दिन पर्चा र दर्ता गर्नुपर्दछ ।[७१] शिशुको जन्म पछि प्रारम्भिक सूचना दिनु पर्दछ ।[७२] महिलाको अस्पतालमा भर्ना हुने क्रममा वा भर्ना हुनु तत्काल अगाडी जन्म भएमा, सो घटनाको प्रारम्भिक सूचना अस्पतालको प्रशासनले दिनु पर्दछ ।[७३] यदि महिलाको अस्पतालमा भर्ना हुने क्रममा वा भर्ना हुनु तत्काल अगाडी जन्म नभएमा, प्रारम्भिक सूचना निम्न व्यक्तिहरूले दिनु पर्दछः

- चिकित्सक, यदि चिकित्सक जन्मको बेला उपस्थित थियो भने
- सुडिनी, यदि सुडिनी जन्मको बेला उपस्थित थियो भने तर चिकित्सकको उपस्थिति नभएमा, वा
- जुन अस्पतालमा जन्म भएको वा जुन अस्पतालमा आमाको जन्म दिन साथ तत्काल भर्ना गरेको अस्पतालको प्रशासन, यदि चिकित्सक वा सुडिनी उपस्थित नभएमा ।[७४] शिशु जन्मेको सूचना दिने दायित्व दुवै आमा र बाबुको हो ।[७५] यदि शिशुको दुवै आमा बाबु वा कुनै एकले जन्मको सूचना दिन असफल भएमा वा जन्मको सूचना दिन इन्कार गरेमा, शिशुको अभिभावक, आमाबुबा बाहेक वा रजिष्ट्रार जेनेरलले तोकेको आधिकारिक व्यक्तिले जन्मको सूचना दिनु पर्दछ ।[७६]

### संयुक्त अधिराज्य

जन्मको सूचना दिनु पर्ने जिम्मेवारी बुबा वा आमाको हो । यदि बाबुआमाको मृत्यु वा अक्षमता भएमा, जन्मको सूचना दिने एक अर्काको योग्य सूचकको जिम्मेवारी हो ।[७७] यदि परित्यागेको बालबालिका भेटिएमा, सो बालबालिकाको जन्मदर्ताको लागि जो मानिसले भेटिएको हो, सो मानिसले रजिष्ट्रार जेनेरललाई निवेदन गर्नु पर्छ ।[७८]

### संयुक्त राज्य अमेरिका

यदि जन्म कुनै संस्थामा भएमा, इन्चार्ज वा सो को प्रतिनिधिले व्यक्तिगत विवरण लिएर, प्रमाण पत्र तयार गरेर, तोकेको मिति, स्थान र समयमा शिशुको जन्म भएको हो भनेर प्रमाणित गर्नु पर्छ ।[७९] यदि जन्म कुनै संस्था बाहिर भएमा, जन्मको सूचना दिने जिम्मेवारी चिकित्सक जो जन्मको बेला उपस्थित थियो वा जन्म पश्चात् तत्काल उपस्थिति थियो, वा सो व्यक्तिको उपस्थिति नभएमा, कुनै व्यक्ति जो जन्मको बेला उपस्थित थियो वा जन्म पश्चात तत्काल उपस्थिति थियो, वा सो व्यक्तिको उपस्थिति नभएमा बाबु वा आमा, वा, बाबुको अनुपस्थिति र आमाको असमर्थता भएमा, जुन ठाउमा जन्म भएको, सो ठाउँको अधिकारीको हो ।[८०]

---

७१. जन्म, मृत्यु, विवाह र सम्बन्ध दर्ता ऐन, १९९५, दफा ५
७२. ऐ., दफा ५क (१)
७३. ऐ., दफा ५क (२)
७४. ऐ., दफा ३
७५. ऐ., दफा ९
७६. जन्म, मृत्यु, विवाह र सम्बन्ध दर्ता ऐन, १९९५, दफा ५
७७. जन्म र मृत्यु दर्ता ऐन, १९५३, दफा २
७८. ऐ, दफा ३क (१)
७९. व्यक्तिगत घटना दर्ता सम्बन्धि नमुना रणनीतिक ऐन, १९९२, दफा ७(ख)
८०. ऐ., दफा ७ (ग) (१)

### भारत

यदि जन्म घर, आवासीय वा गैर आवासीय भएमा सो घरको मुख्य व्यक्ति, यदि एकभन्दा धेरै परिवार एकै ठाउँमा बसेमा, सो परिवारहरूको मुख्य व्यक्ति, र यदि सो मुख्य व्यक्ति जन्म जन्म वा मृत्यु दर्ता गर्ने अवधिमा अनुपस्थित भएमा, नजिकको नातेदारको मुख्य व्यक्ति, र सो व्यक्तिहरूको अनुपस्थिति भएमा, उपस्थित सबैभन्दा ठुलो पुरुषको दर्ता गर्ने जिम्मेवारी हो ।[८१] यदि जन्म अस्पताल, स्वास्थ्य केन्द्र, प्रसूतिगृह, वा अरु यस्ता संस्थामा भएमा, जन्मदर्ता गर्ने जिम्मेवारी स्वास्थ्य अधिकृत वा सो ले तोकेको व्यक्तिको हो ।[८२] यदि कारागारमा जन्म भएमा दर्ता गर्ने जिम्मेवारी कारागार प्रमुखको हो ।[८३] यदि छात्रावास, होटेल, धर्मशाला, बोर्डिङ्ग हाउस, मधुशाला, सैनिक निवास, रेस्टुरेन्ट वा सार्वजनिक शरणमा भएमा, सो ठाउँको प्रमुख व्यक्ति ।[८४] यदि नवजात शिशु कुनै सार्वजनिक स्थलमा फालिएको अवस्थामा फेला परेमा, सो स्थानको प्रमुख व्यक्ति वा गाउँ भए त्यहाँको अधिकारी र स्थानीय प्रहरी कार्यालयको प्रहरी प्रमुख ।[८५]

रजिष्ट्रारलाई हरेक जन्मको सूचना दिने वा जन्मको बेला उपस्थित भए पनि सूचना दिने कर्तव्य सुडेनी वा अरु कुनै चिकित्सा वा स्वास्थ्य सेवा कर्मचारी, वा अरु कुनै सरकारले तोकेको व्यक्तिको हो ।[८६]

### दक्षिण अफ्रिका

यदि शिशु जीवित जन्मेको अवस्था भए सो शिशुको बाबुआमा वा कुनै एकजनाले, वा बाबु आमाको मृत्यु भइसकेको भए अरु तोकिएको व्यक्तिले सो सम्बन्धी सूचना दिनुपर्छ ।[८७]

### बंगलादेश

शिशुको बाबु आमा वा अभिभावक वा अन्य तोकिएको व्यक्तिले जन्म सम्बन्धी जानकारीहरु रजिष्ट्रारलाई दिनु पर्ने हुन्छ ।[८८]

### कोरिया

कोरियामा आमा बाबुले जन्म ठेगाना (अभिभावकको हालको ठेगाना) को लागि सामुदायिक सेवा केन्द्रमा चिकित्सकले जारी गरेको प्रमाणपत्र वा जन्म सूचनाको साथ ३० दिनभित्र आफ्नो बच्चाको जन्मदर्ता गर्नुपर्छ । त्यसपश्चात् शिशुले एउटा दर्ता नम्बर प्राप्त गर्दछ र शिशुलाई क्षेत्रिय पारिवारिक सम्बन्ध दर्ता र निवासी दर्ता डाटाबेसमा आमा बाबुको परिवारको सदस्यको रुपमा रेकर्ड गरिन्छ ।

### अफगानिस्तान

अफगान देवानी संहिता, १९७७ ले जन्म, मृत्यु, विवाह र सम्बन्ध विच्छेद जस्ता घटनाहरु ६ महिनाभित्र दर्ता गरिसक्नु पर्ने र सबै जन्म र मृत्युदर्ता अनिवार्य गरेको छ । जन्मदर्ताको लागि कुनै शुल्क लाग्दैन । यस्तो नगरेको खण्डमा कुनै दण्ड सजायहरुको व्यवस्था छैन ।

---

८१. जन्म र मृत्युको दर्ता ऐन, १९६९ दफा ८(१)(क)
८२. ऐ., ८ दफा (१) (ख)
८३. ऐ., दफा ८ (१) (ग)
८४. ऐ., दफा ८ (१) (घ)
८५. ऐ., दफा ८ (१) (ङ)
८६. ऐ., दफा १० (१)
८७. १९९२ को जन्म र मृत्यु दर्ता ऐन ५१, दफा ९(१)
८८. जन्म र मृत्यु दर्ता ऐन, २००४

### जापान

जापानमा सबै घटनाहरू वा परिवर्तनहरू सोही स्थानको बासिन्दाहरूले नगरपालिकालाई सूचित गर्नुपर्छ । नगरपालिकाले त्यसपछि अत्यावश्यक तथ्यांकहरू टिपोट गर्छन् जुन क्रमशः राष्ट्रियस्तरमा जम्मा हुन्छ । त्यस्तो टिपोटहरू जापानको तथ्यांक व्यूरोद्वारा नियमित रुपमा प्रकाशित हुन्छ ।

### माल्दिभ्स

माल्दिभ्समा घटना दर्ता र प्रमाणिकरणका लागि दुई मुख्य अधिकारीहरू जिम्मेवार छन् : स्वास्थ्य मन्त्रालय र राष्ट्रिय दर्ता विभाग (Department of National Registration) । सो विभागले जन्म र मृत्युदर्ता सम्बन्धी फारमहरू संकलन गरी तिनीहरूलाई अनलाइन डाटाबेसमा राख्ने गर्छन् र स्वास्थ्य मन्त्रालयले तीन कुराहरू सम्बन्धी तथ्याङ्क बनाउँछ । जन्मदर्ताको कानुनी रूपमा शुल्कसहित ७ दिनको सीमा छ भने मृत्यु दर्ताको चाहिं कुनै पनि परिभाषित सीमा छैन ।

### भुटान

भुटानमा गृह तथा सांस्कृतिक मामिला मन्त्रालय अन्तर्गतको नागरिक दर्ता र जनगणना विभागले जन्मदर्ता गर्दछ ।

## ग) हदम्याद

### अस्ट्रेलिया

जीवित शिशु जन्म भएमा ७ दिनभित्र र मृतक शिशु जन्मिएको अवस्थामा ४८ घण्टाभित्र सूचना दिनु पर्छ ।[८९] शिशुको जन्म भएको मितिले ६ महिनाभित्र जिम्मेवार व्यक्तिले शिशुको जन्म भएको विवरण रजिष्ट्रार जेनेरल समक्ष पेश गर्नुपर्छ ।[९०]

### न्यूजिल्यान्ड

शिशु जन्मेको ५ कार्य दिनभित्र प्रारम्भिक सूचना दिनु पर्छ ।[९१]

### संयुक्त अधिराज्य

शिशु जन्मेको सूचना शिशु जन्मेको ४२ दिनभित्र दिनुपर्छ ।[९२] शिशुको जन्मदर्ता गर्ने म्याद ३ महिना हो र सो ३ महिनाभित्र जन्मदर्ता निःशुल्क हुन्छ ।[९३]

### संयुक्त राष्ट्र अमेरिका

बच्चाको जन्मदर्ता बच्चा जन्मेको ५ दिनभित्र गर्नुपर्छ ।[९४] ५ दिनको अवधिपछि र १ वर्षभित्र जन्मको प्रमाणपत्र पनि दर्ता हुन्छ ।[९५]

---

८९. जन्म, मृत्यु र विवाह दर्ता ऐन, १९९७ दफा ५ (२) (ख)
९०. ऐ., दफा १० (१)
९१. जन्म, मृत्यु, विवाह र सम्बन्ध दर्ता ऐन, १९९५, दफा ५क (४)
९२. जन्म र मुत्यु दर्ता ऐन, १९९२ दफा २
९३. ऐ., दफा ५
९४. राज्यको व्यक्तिगत घटना दर्ता सम्बन्धि नमुना रणनीतिक ऐन, १९९२, दफा ७ (क)
९५. ऐ., ७ (ज)

### भारत

शिशुको जन्मदर्ताको हदम्याद बच्चा जन्मेको २१ दिनभित्र दर्ता गरिसक्नु पर्दछ ।

### दक्षिण अफ्रिका

बच्चा जन्मेको सूचना बच्चा जन्मेको ३० दिनभित्र दिइसक्नु पर्दछ ।[९६]

### बंगलादेश

शिशुको जन्मदर्ता शिशु जन्मेको ४५ दिनभित्र गरिसक्नु पर्दछ ।[९७]

### कोरिया

शिशुको जन्मदर्ता शिशु जन्मेको ३० दिनभित्र गरिसक्नु पर्दछ ।

### अफगानिस्तान

शिशुको जन्मदर्ता शिशु जन्मेको ६ महिनाभित्र गरिसक्नु पर्दछ ।

### जापान

शिशुको जन्मदर्ता शिशु जन्मेको १४ दिनभित्र गरिसक्नु पर्दछ ।

### माल्दिभ्स

शिशुको जन्मदर्ता शिशु जन्मेको ७ दिनभित्र गरिसक्नु पर्दछ ।

### भुटान

शिशुको जन्मदर्ता शिशु जन्मेको १ वर्षभित्र गरिसक्नु पर्दछ ।

## घ) दर्ताको लागि योग्यता

### अस्ट्रेलिया

सबै अष्ट्रेलियन क्यापिटल टेरिटोरीभित्र जन्मेका शिशुहरू जन्मदर्ताको लागि योग्य छन् ।[९८] भेटिएका शिशुहरू पनि जन्मदर्ताको लागि योग्य छन् ।[९९] यदि कुनै शिशु हवाईजहाजमा अष्ट्रेलियन क्यापिटल टेरिटोरीभित्र जन्मिए, सो शिशुको जन्मदर्ता हुन्छ ।[१००] अष्ट्रेलिया बाहिर जन्मेको तर अष्ट्रेलियाको नागरिक बन्न योग्य शिशुको पनि जन्मदर्ता गरिन्छ ।[१०१]

---

९६. १९९२ को जन्म र मृत्यु दर्ता ऐन ५१, दफा ९(१)
९७. जन्म र मृत्यु दर्ता ऐन, २००४, दफा ८ (१)
९८. जन्म, मृत्यु र विवाह दर्ता ऐन, १९९७, दफा ५ (१)
९९. ऐ., दफा ८ (२)
१००. ऐ., दफा ७ (३)
१०१. ऐ., दफा ७(२)

### न्यूजिल्यान्ड

न्यूजिल्यान्डमा भएको सबै जन्मको सूचना र दर्ता गर्नुपर्छ ।[१०२] भेटिएका बालबालिका पनि दर्ता गर्न योग्य छन् ।[१०३] कुनै पनि शिशु न्यूजिल्यान्ड बाहिर जन्मिए तर न्यूजिल्यान्डमा दर्ता भएको हवाईजहाज वा पानीजहाज वा न्यूजिल्यान्ड सेनाको हवाईजहाज वा पानीजहाजमा जन्मिए दर्ताको लागि योग्य हुन्छन् ।[१०४]

### संयुक्त अधिराज्य

बेलायत र वेल्समा जन्मेको प्रत्येक बच्चाको जन्मदर्ता हुन्छ ।[१०५] बेवारिसे अवस्थामा छोडिएका बच्चाहरू पनि जन्मदर्ताको लागि योग्य हुन्छन् ।[१०६]

### संयुक्त राज्य अमेरिका

राज्यमा जन्मेको सबै शिशुहरू दर्ताको लागि योग्य छन् ।[१०७] संयुक्त राज्यभित्र यात्रा गरिरहेको साधनमा शिशु जन्मेमा, पहिले शिशुलाई साधनबाट बाहिर निकाली यस राज्यमा दर्ता गरिन्छ ।[१०८]

### भारत

भारतभित्र जन्मेको हरेक बच्चा जन्मदर्ता योग्य हुन्छन् ।[१०९] भारत बाहिर जन्मेको हरेक भारतीय नागरिक जन्मदर्ताको लागि योग्य हुन्छन् ।[११०]

### दक्षिण अफ्रिका

दक्षिण अफ्रिका भित्र जन्मेको सबै जीवित शिशु जन्मदर्ताको लागि योग्य हुन्छ ।[१११] दक्षिण अफ्रिका बाहिर जन्मेको शिशु जसको बाबु वा आमा दक्षिण अफ्रिकाका नागरिक हुन भने सो शिशु पनि जन्मदर्ताको लागि योग्य हुन्छ ।[११२]

### बंगलादेश

बंगलादेशमा सम्प्रदाय, जात, वर्ग, धर्म र लिङ्ग विभेद नगरी सबै शिशुको जन्मदर्ता गर्नुपर्छ ।[११३]

### भुटान

भुटानमा कुनै पनि शिशुले जन्मदर्ता प्राप्त गर्नका लागि भुटानी आमा बाबुबाटै जन्मेको हुनुपर्छ ।

---

१०२. जन्म, मृत्यु, विवाह र सम्बन्ध दर्ता ऐन, १९९५, दफा ५
१०३. ऐ., दफा ७ (२)
१०४. ऐ., दफा ८
१०५. जन्म र मुत्यु दर्ता ऐन, १९९२, दफा १
१०६. ऐ., दफा ३क (१)
१०७. राज्यको व्यक्तिगत घटना दर्ता सम्बन्धि नमुना रणनीतिक ऐन, १९९२, दफा ७ (क)
१०८. ऐ., ७ (घ)
१०९. जन्म र मृत्युको दर्ता ऐन, १९६९, दफा ८
११०. ऐ., दफा २०
१११. १९९२ को जन्म र मृत्यु दर्ता ऐन ५१, दफा ९(१)
११२. ऐ., दफा १३
११३. जन्म र मृत्यु दर्ता ऐन, २००४, दफा ५(१)

### ङ) उत्तरदायी

#### अस्ट्रेलिया

यदि दर्ता गर्ने समयावधी काटिएमा जरिवाना ५ पेनाल्टी युनिट जुन ७९२८५ अस्ट्रेलियन डलर तिर्नु पर्दछ ।

#### न्यूजिल्यान्ड

ढिलो दर्ता गरे बापत कुनै पनि सजाय वा जरिवाना भेटिएन तर रजिष्ट्रार जेनेरलबाहेक अरू कुनै रजिष्ट्रारले ढिलो सूचना पाएमा दर्ता गर्न पाउँदैन ।[११४]

#### संयुक्त अधिराज्य

ढिलो जन्मदर्ता गरे बापत कुनै पनि सजायँ वा जरिवाना भेटिएन ।

#### संयुक्त राज्य अमेरिका

'ढिला प्रमाणपत्र' मा दर्ता गरि, किन ढिला दर्ता गरेको भन्ने प्रमाण र सारांश विवरण उल्लेखित गर्नु पर्दछ ।[११५]

#### भारत

उल्लेखित जरिवाना तिरी तोकेको समयपछि दर्ता गर्न आएमा दर्ता गरिने ।[११६]

#### दक्षिण अफ्रिका

यदि जन्मको सूचना ३० दिनपछि दिएमा, ढिलो दर्ता गर्ने उल्लेखित आवश्यकतासँग सूचना नमिलेमा, जन्मदर्ता गर्न नपाउने ।[११७]

#### बंगलादेश

उल्लेखित जरिवाना तिरी तोकेको समय पछि दर्ता गर्न आएमा दर्ता गरिने ।[११८]

## ८. व्यक्तिगत घटना दर्तासम्बन्धी कानुनहरूमा रहेका कमी कमजोरीहरू

### (क) जन्मदर्ताका व्यवधानहरू

नयाँ निर्माण गरिएका कानुनहरूले प्रत्येक बालबालिकाको जन्मने बित्तिकै जन्मदर्ता गर्नुपर्ने व्यवस्थालाई अधिकारको रूपमा मान्यता दिएको हुनाले यी कानुनी व्यवस्थाहरू प्रगतिशील छन् । केही प्रगति हुँदाहुँदै पनि विद्यमान कानुनी व्यवस्थामा अझै पनि व्यवधानहरू रहेका छन्, परिणामस्वरूप विद्यमान कानुनको कार्यान्वयनमा समेत समस्याहरू देखिएका छन् ।

---

११४. जन्म, मृत्यु, विवाह र सम्बन्ध दर्ता ऐन, १९९५, दफा १६
११५. व्यक्तिगत घटना दर्ता सम्बन्धि नमुना रणनीतिक ऐन, १९९२, दफा ९
११६. जन्म र मृत्युको दर्ता ऐन, १९६९, दफा १३ (१)
११७. १९९२ को जन्म र मृत्यु दर्ता ऐन ५१, दफा ९ (३क)
११८. जन्म र मृत्यु दर्ता ऐन, २००४, दफा १३

## (ख) कानुनी व्यवधानहरू

नयाँ निर्माण भई कार्यान्वयनमा रहेका राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ तथा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ ले जन्मदर्ताको सम्बन्धमा अत्यावश्यक कार्यविधिगत मार्गदर्शन उपलब्ध गराएका छन् । तर पनि कानुनी व्यवस्थामा अझै केही कमीकमजोरीहरू रहेका छन् जसले जन्मदर्ताको लक्ष्यलाई हासिल गर्ने विषयमा अनपेक्षित व्यवधानहरू सिर्जना गरेका छन् ।

## (ग) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ मा रहेको अपूर्णता

१. **जन्मको सूचना दिने विषयमा सीमितता** : बालबालिकाको जन्मको सूचना दिने जिम्मेवारी परिवारका सदस्यलाई मात्र दिएको छ, जसअर्न्तगत बाबु वा आमा वा निजहरूको अनुपस्थिमा १८ वर्ष उमेर पुगेको परिवारको सदस्यलाई यो अधिकार दिएको छ ।[११९] तर बाबुको पहिचान नभएका बालबालिकाको हकमा मावलीपक्षिका मामा, हजुरबुवा, हजुरआमालाई सूचकको रूपमा मानेको देखिँदैन । ऐनले स्थानीय पञ्जिकाधिकारीलाई बालबालिकाको जन्मको सूचना दिने सम्बन्धमा सरकारी तथा निजी अस्पताल, बर्थिङ्ग केन्द्रहरू, स्वास्थ्य चौकी आदिलाई जिम्मेवार बनाएको देखिँदैन ।

२. **आमाको नामबाट जन्मदर्ता** : जन्मदर्ता र जन्मको सूचना दिने कार्य दुई फरक पक्षहरू हुन्, यस विषयलाई कानुनले प्रष्टसँग परिभाषित गरिएको छैन । यस सन्दर्भमा जन्मको सुचना दिने अधिकार त आमालाई दिएको छ, तर आमाको पहिचानको आधारमा आमाको नामबाट स्वतन्त्र रुपमा जन्मदर्ता गर्ने सम्बन्धमा प्रष्ट व्यवस्था ऐनमा गरिएको छैन ।

३. **अभिलेखीकरण तथा राष्ट्रिय परिचयपत्र** : वर्तमान कानुनमा पहिचान तथा आफू यही समाजको व्यक्ति हो भन्ने प्रमाणित हुने कागजात नभएको आधारमा अघिल्लो कानुनले व्यक्तिगत विवरण दर्ता गर्न अस्वीकार गरेको वयस्क व्यक्तिको जन्म तथा व्यक्तिगत विवरण दर्ता गर्ने सम्बन्धमा सहजीकरण गर्ने व्यवस्था छैन । त्यसकारण वयस्क भइसकेपछि पनि कागजातको अभावमा दर्ता हुन नसकेका व्यक्तिहरू फेरि पनि दर्ता विहिन हुने अवस्था देखिन्छ । यसरी सो सम्बन्धमा कानुनको शुन्यताले गर्दा त्यस्ता व्यक्तिहरूले भोगिरेहको समस्या पुनः निरन्तर हुने देखिन्छ । यसले फेरि पनि राज्यविहीन हुनुपर्ने अवाञ्छित अवस्थाको सिर्जना गर्दछ ।

४. **आमा-बाबुको राष्ट्रिय परिचयपत्र सम्बन्धमा** : ऐन लागू भएको जिल्लामा राष्ट्रिय परिचयपत्र नभएको दम्पतिको बालबालिकाको जन्मदर्ता गर्न रोक लगाएको छ ।[१२०] यो प्रावधान सम्पूर्ण बालबालिकाको अनिवार्य जन्मदर्ता गर्नुपर्ने संवैधानिक अधिकारसँग बाझिएको छ । यस व्यवस्थाले धेरै बालबालिकालाई जन्मदर्ता गर्न नसक्ने अवस्था सिर्जना गरेको छ ।

५. **विलम्ब शुल्क** : बच्चा जन्मेको ३५ दिनभित्र जन्मदर्ताको सूचना दर्ता नभएको अवस्थामा विलम्ब शुल्क तिरेर जन्मदर्ता गर्न सकिने प्रावधान छ ।[१२१] यो व्यवस्थाले अनिवार्य रुपमा तथा तोकिएको समयभित्रमा जन्मदर्ता गर्नुपर्ने प्रावधानलाई व्यवधान उत्पन्न गराउन सक्दछ ।

६. **जन्मदर्ता नभएको अवस्था** : कानुनमा जन्म तथा व्यक्तिगत घटनाको दर्ता नभएमा के हुने भन्ने विषयमा कुनै स्पष्ट प्रावधान छैन । परिणामस्वरुप, जन्मदर्ता नहुने वा जन्मदर्तामा ढिलाइ हुने उच्च जोखिम हुन सक्छ ।

---

११९. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा १८

१२०. ऐ. को दफा २०(२)

१२१. ऐ. को दफा १९(३((५) तथा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ को नियम १७(२)

७. जन्मदर्ता गराइसक्नुपर्ने उमेर : ऐनमा कति उमेरभित्र बालबालिकाको जन्मदर्ता गराइसक्नुपर्ने भनेर निश्चित उमेर तोकिएको छैन । यसले स्थानीय पञ्जिकाधिकारीलाई जन्मदर्ता गर्ने समयावधिलाई लम्ब्याउने उद्देश्यले प्रमाणित हुनसक्ने अन्य धेरै कागजात माग्न सक्ने तजबिजी अधिकार दिएको देखिन्छ जुन कुरा जन्मदर्ताको संख्यालाई बढाउने उद्देश्यसँग बाझिन पुगेको छ ।

८. गोपनियता सम्बन्धी व्यवस्था : सरकारले तोकेको निकायले विभागमा रहेको तथ्याङ्क तथा विवरणलाई व्यक्तिको व्यक्तिगत गोपनियता कायम रहने गरी आवश्यकता अनुसार उपयोग गर्न सकिने व्यवस्था गरेको छ । तर, यसले कुन कुन विवरणहरूलाई गोप्य राख्ने र कुन विवरणहरूको प्रयोग गर्न सक्ने भन्ने विषयलाई प्रष्ट पारेको देखिँदैन ।[१२२]

९. प्रवर्द्धनात्मक गतिविधिहरू : जन्मदर्ता सम्बन्धमा कुनै प्रवर्द्धनात्मक प्रावधान ऐनमा व्यवस्था गरिएको छैन । परिणामतः जन्मदर्तालाई देशभरि छरिएका सिमान्तकृत, पछाडि परेका तथा पारिएका व्यक्ति तथा नागरिकहरूको पहुँचयोग्य बनाउन चेतनामुलक, जानकारीमुलक गतिविधिहरू लगायत अन्य प्रवर्द्धनात्मक कार्यहरू गर्न राज्यलाई कानुनी दायित्व र कर्तव्य सृजना गर्न चुकेको देखिन्छ ।

१०. जन्मदर्ता गर्ने स्थान : जन्मदर्ता स्थायी ठेगाना भएको ठाउँको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गर्ने कि आफू बसिरहेको ठाउँको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गर्ने अथवा बच्चाको जन्म भएको ठाउँको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा गर्ने भन्ने सम्बन्धमा ऐनमा प्रष्ट व्यवस्था गरिएको छैन, सो सम्बन्धमा नियमावलीमा व्यवस्था गरिएको देखिन्छ । तर कानुनको तहगत संरचनाको सिद्धान्तलाई ध्यानमा राख्ने हो भने यस्ता सारभूत व्यवस्थाहरू ऐनमा राख्नु उपयुक्त देखिन्छ ।

११. विश्वव्यापि जन्मदर्तामा पर्ने असरलाई सम्बोधन : यस ऐनमा वैदेशिक रोजगारमा भएका व्यक्तिहरूबाट जन्म भएको बालबालिका, बलात्कारबाट जन्मेका, बेचबिखन तथा ओसारपसार पीडितबाट जन्मेका बालबालिका, शरणार्थी बालबालिकाहरू, शरणार्थीबाट जन्म भएका बालबालिका, जन्मदर्ताका सम्बन्धमा उनीहरूले भोगिरहेको समस्या समाधान गर्न आवश्यक व्यवस्थालाई समेट्न सकेको देखिँदैन ।

१२. विवरण सच्याउने सम्बन्धमा : यो ऐन लागू भएपछि जन्मेको बच्चाको उमेर, नाम, थर वा अन्य विवरण यस एक पटक दर्ता भई दर्ताको प्रमाणपत्र लिएको एक वर्षभित्र सच्याउन पाउने व्यवस्था गरिएको छ । तर विविध लैङ्गिक पहिचान (पारलिङ्गि महिला, पारलिङ्गि पुरुष, क्वेयर आदि) भएका व्यक्तिहरूको हकमा जन्मदा यौनाङ्गको आधारमा इङ्गित गरिएको लिङ्ग र सोही अनुसार आफ्नो अभिभावकले राखिदिएको नाम बमोजिम बनिसकेको जन्मदर्ताको प्रमाणपत्र आफ्नो लैङ्गिक पहिचान अनुसार आफूले इच्छाएको नाम उल्लेख गरेर पुन प्राप्ति गर्ने सम्बन्धमा ऐन मौन देखिन्छ ।

## घ) राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण नियमावली, २०७७ मा रहेको अपूर्णता

१. विभेदकारी निवेदन फाराम : जन्मदर्ताको लागि निवेदन दिँदा सम्बन्धित बाबुआमा वा अभिभावकले अनुसूची-१० मा व्यवस्था भए बमोजिमको फाराम भर्नु पर्दछ । तर जब बाबु ठेगान नभएको वा बेपत्ता भएको अवस्थामा आमाको नामबाट बालबालिकाको जन्मदर्ता गर्नुपर्दा प्रहरीबाट प्रमाणिकरण गराई सो सम्बन्धी प्रहरी प्रतिवेदन संलग्न गर्नुपर्ने व्यवस्था गरिएको छ । प्रहरीबाट बाबु ठेगान नभएको वा बाबु बेपत्ता भएको भनी थप प्रमाण ल्याउनुपर्ने व्यवस्था विभेदकारी र अव्यवहारिक देखिन्छ ।

---

१२२. राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा ३४(१)

२. अनुसूचीमा ‘अन्य’ शब्दको प्रयोग : नियमावलीको अनुसूची १० मा लिङ्ग उल्लेख गर्नुपर्ने महलमा महिला, पुरुष र अन्य शब्द प्रयोग गरेको देखिन्छ । तर, जन्मदर्ताको अवस्था ‘अन्य’ भित्र जनाउने समलिङ्गी, द्वयलिङ्गी वा पारालैङ्गिक जस्तो अवस्था पहिचान भई नसकेको हुनाले ‘अन्तरलिङ्गी’ बालबालिका मात्र जन्मदर्ताको समयमा पहिचान गर्न सकिन्छ ।

३. विदेशीसित विवाह गरेकोमा अनिवार्य दर्ता विवाहको आवश्यकता : नियमावलीले यदि विदेशीसँग विवाह गरेको छ भने त्यस्ता बाबुआमाको बालबालिकाको जन्मदर्ता गर्दा दर्ता विवाहको प्रमाणपत्र पेश गर्नुपर्ने प्रावधान राखेको छ । तथापि, सांस्कृतिक परम्परा अनुसार विवाह गरिसकेपछि विवाह दर्ता गराउने र दर्ता विवाह दुबैले कानुनी मान्यता प्राप्त गरेका छन् । यस्तो अवस्थामा बालकालिकाको जन्मदर्ता गर्दा अनिवार्य रूपमा दर्ता विवाहको प्रमाणपत्र पेश गर्नुपर्ने प्रावधानले विश्वव्यापी जन्मदर्ताको अभियानमा बाधा उत्पन्न गराउँछ ।

### ङ) अन्य व्यवहारिक समस्याहरू

बालबालिकाको जन्मदर्ता सम्बन्धी कानुनी व्यवस्थाहरूमा केहि कमी कमजारी रहेता पनि, धेरै दृष्टिकोणले यी कानुनहरू प्रगतिशील देखिन्छन्, तथापि यस कानुनी व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्नका लागि अवरोधका रूपमा केही सामाजिक तथा अन्य अवरोधहरू समेत रहेका देखिन्छन् । ती हुन्ः

- सामाजिक-सांस्कृतिक व्यवधानहरू
- भौगोलिक रूपले अलग्गिनु
- आर्थिक व्यवधानहरू
- संस्थागत कमजोरी
- कानुनी पहिचानको फाइदाको विषयमा पर्याप्त सूचनाको अभावले सामान्य व्यक्तिहरू र खासगरी सिमान्तकृत र पछाडि परेका/पारिएका समुदायका व्यक्तिहरू बास्तविकतामा जन्मदर्ता हुनबाट बञ्चित भएको देखिन्छ ।
- जन्मदर्ता सम्बन्धी कानुनले आमाको नामबाट स्वतन्त्र रूपमा जन्मदर्ता गर्न सक्ने व्यवस्था नगरेको कारणले वुबाको ठेगाना पत्ता नलागेका, बाबुबाट परित्यक्त बालबालिका, बाबु पहिचान नभएका बालबालिकाको जन्मदर्ताका सम्बन्धमा पनि व्यवधानहरू विद्यमान देखिन्छन् । समग्रमा बाबुलाई केन्द्रमा राखेर निर्माण गरिएको कानुनी व्यवस्थाका कारण सृजित अस्पष्टता, कार्यविधिगत कठिनाइ, समाजमा विद्यमान महिला र पुरुष, पति र पत्नी, बुबा र आमावीचको असमान शक्ति सम्बन्ध, महिलाको वैवाहिक स्थितिको आधारमा गरिने विभेद आदिले गर्दा जन्मदर्ता प्रक्रिया तथा यस सम्बन्धी कानुन अझै पनि पुरुष केन्द्रियताबाट मुक्त हुन सकेको देखिदैन ।

## ९. सुझावहरू

जन्मदर्ता र अन्य विशेष घटना दर्ता गर्न अभिप्रेरित गर्न राज्यले विभिन्न पहलहरू अपनाउनुपर्ने हुन्छ । देश संघीय संरचनामा गइसकेको अवस्थामा यी सुझावहरू तीन तहका सरकारहरू (संघ, प्रदेश र स्थानीय तह) लाई छुट्टाछुट्टै तवरबाट दिइएको छ र त्यसै अनुरूप तीनै तहका सरकारहरूले कार्यान्वयन गर्नु जरुरी देखिन्छ । नागरिकता र राहदानी सम्बन्धी कार्यहरू संघ तहको कार्यकारी क्षेत्राधिकारभित्र पर्ने हुँदा त्यस सम्बन्धी दिइएका सुझावहरू संघीय सरकारले अवलम्न गर्नु जरुरी छ । तथापि विशेष घटना दर्ता सम्बन्धी विषयहरू संघीय, प्रादेशिक र स्थानीय तीनै तहका सरकारहरू अन्तर्गत पर्ने हुनाले संघीय सरकार सरह प्रादेशिक र स्थानीय तहका सरकारहरूले पनि विशेष घटना दर्ता सम्बन्धी दिइएका सुझावहरू कार्यान्वयन गर्नु जरुरी देखिन्छ ।

त्यस्तै संघीय सरकारलाई नागरिकता र राहदानी वितरणलाई सहज बनाउन केन्द्रिय स्तरमा विशेष घटना दर्ताको तथ्याङ्क राख्ने व्यवस्था गर्न जिम्मेवार बनाउनु पर्ने देखिन्छ ।

## क) संघीय सरकार

- विश्वव्यापी घटना दर्ता विशेषतः बाबुआमाको जुनसुकै कानुनी पहिचान भएता पनि बालबालिकाको जन्मदर्ता गर्न अभिप्रेरित हुने गरी अधिकारमा आधारित दृष्टिकोणबाट घटना दर्ता सम्बन्धी नयाँ कानुन निर्माण गर्नुपर्ने,
- व्यक्तिको कानुनी पहिचान सृजना गर्ने विशेष घटना दर्ता प्रणाली स्थापना गर्ने खालको कानुनी प्रावधान सुदृढ गर्नुपर्ने,
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, मृत्यु, सम्बन्ध विच्छेद र बसाई सराईका साथै भ्रूण मृत्यु, भिन्न भई बसेको, मानाचामल, धर्मपुत्र/पुत्री लगायतका विषय समावेश हुनु पर्ने,
- बालबालिकाको निःशुल्क र समयमै जन्मदर्ता गराउन राज्य र बाबुआमा दुवैलाई जिम्मेवार बनाउनु पर्दछ । त्यस्तै बाबुआमालाई बालबालिकाको जन्मदर्ता गराउन जिम्मेवार र उत्तरदायी बनाउनुपर्दछ । यद्यपि त्यस्तो बाबुआमा जसले बालबालिकाको जन्मदर्ता गराउन सक्दो कोसिस गर्दा पनि नभएको अवस्थामा उनीहरूलाई छुट दिनुपर्ने,
- घटना दर्ता गर्न ढिला वा इन्कारी गर्ने वा कानुनले तोकेको भन्दा बाहेकको कागजपत्र माग्ने कर्मचारीहरूलाई दण्ड सजाय गर्नुपर्ने साथै उपयुक्त तवरले गुनासो सम्बोधन गर्ने संयन्त्र निर्माण गर्नुपर्ने,
- केन्द्रिय पञ्जिकरण विभागले स्वास्थ्य मन्त्रालयको समन्वयमा जन्म केन्द्रहरूमा नै बालबालिकाको जन्मदर्ता गर्न सक्ने व्यवस्थाको पहल गर्नुपर्दछ । यदि बालबालिकाको निश्चित दिनमा (११-२० दिनमा) नाम राख्न समस्या भएको खण्डमा बाबुआमा वडा कार्यालयमा गई नाम दिई जन्मदर्ता प्रमाणपत्र लिन पाउने व्यवस्था गर्नुपर्ने ।

## ख) नयाँ ऐनमा समेटिनुपर्ने व्यवस्थाहरु

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ लाई संशोधन गर्ने :

१. जन्मदर्ता अनिवार्य हुनुपर्ने : बालबालिकाको जन्म भएको सूचना उपलब्ध गराउन निजी तथा सरकारी दुवै किसिमका अस्पतालहरू, स्वास्थ्य केन्द्रहरू, बर्थिङ्ग केन्द्रहरू आदिलाई उत्तरदायी बनाउन ऐनमा बालबालिकाको जन्म सम्बन्धी सूचना अनिवार्य रूपले उपलब्ध गराउनुपर्ने सम्बन्धी प्रावधान थप गर्ने । मृत जन्मेको बच्चा अथवा जन्मने बित्तिकै (केही समयपछि नै) मृत्यु भएका बालबालिकाको सवाललाई समेत सम्बोधन गर्न ऐनमा व्यवस्था थप गर्ने ।

२. आमाको नामबाट जन्मदर्ता गर्ने व्यवस्था : आमाको नामबाट बालबालिकाको जन्मदर्ता गर्न सक्ने व्यवस्था प्रष्ट रूपमा कानुनमा थप गर्ने ।

३. पहिचान र दस्तावेजीकरण : कुनै पहिचान वा कागजात नभएका अभिभावकका शिशुहरूको जन्मदर्ता सम्बन्धमा स्थानीय स्तरबाटै पर्याप्त संयन्त्रको सुनिश्चित गर्नुपर्ने ।

४. अभिभावकको राष्ट्रियता : नेपालको संविधानको धारा ३९(१) अनुसार बाबुआमाको राष्ट्रियतालाई आधार नबनाई विश्वव्यापी रूपमै बालबालिकाको जन्मदर्ता (Universal Registration of Birth) लाई सुनिश्चित गर्ने ।

५. विलम्ब शुल्क सम्बन्धी प्रावधान : व्यक्तिगत घटनाहरूको दर्ता गर्ने कार्य निःशुल्क, अनिवार्य तथा यथासमयमै भएको कुरा सुनिश्चित गर्ने ।

६. **गुनासो समाधान सम्बन्धी प्रावधान :** स्थानीय पञ्जिकाधिकारीले कुनै घटना दर्ता गरेन, दर्ता गर्न अस्वीकार गर्‍यो वा अनावश्यक किसिमले ढिलो गरेको अवस्थामा गुनासो तथा समस्याको सुनुवाइ तथा समाधान गर्ने संयन्त्रको व्यवस्था वर्तमान कानुनमा नभएको हुनाले त्यस्तो समस्याको सम्बोधनको लागि उचित संयन्त्रको व्यवस्था गरिएको कुरा सुनिश्चित गर्ने । यस्तो संयन्त्र पीडितलाई उचित क्षतिपूर्ति व्यवस्था सहितको हुनुपर्ने ।

७. **उमेर सम्बन्धी प्रावधान :** जन्मदर्ताको काममा वृद्धि गर्न तथा बालबालिकाको उमेर प्रमाणित हुने धेरै कागजातहरूको आवश्यकता बिना नै समयमै जन्मदर्ता गराउन जन्मदर्ता गराउने अधिकतम उमेरको प्रावधान ऐनमा राख्ने ।

८. **अनिवार्य परिवार फोल्डर प्रणाली सम्बन्धी प्रावधान :** पारिवारिक फाइल प्रणालीलाई अनिवार्य रूपमा लागू गर्ने प्रावधानको व्यवस्था गर्ने ।

९. **प्रवर्द्धनात्क गतिविधिसम्बन्धी प्रावधान :** देशभरिका विविध क्षेत्र, संस्कृति, धर्म तथा जातजातिका जनसंख्याहरूलाई जन्मदर्ताको व्यवस्था पहुँचयोग्य तथा सरल बनाउन प्रवर्द्धनात्मक हस्तक्षेपको लागि सम्बन्धित निकायहरूको जिम्मेवारीलाई परिभाषित गर्ने कानुनी व्यवस्था गर्ने । कानुनहरूमा जन्मदर्ता गराउने स्थानको बारेमा अझै पनि अस्पष्टता छ । भौगोलिक सीमितता भएका स्थानहरूमा बढीभन्दा बढी व्यक्तिगत घटनाहरू दर्ता होस् भन्नाका लागि व्यक्तिगत घटनाहरूको घुम्ती (मोबाइल) दर्ता प्रणाली कार्यान्वयनमा ल्याउन ऐनमा संशोधन तथा व्यवस्था गर्ने ।

१०. **विभिन्न सेवाहरूबीच समन्वयको प्रावधान :** यस्ता प्रावधानले व्यक्तिलाई जन्मदर्ता गर्न प्रेरणा दिन्छ भने राज्यलाई शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा जस्ता सवालहरूसित सम्बन्धित योजना प्रभावकारी बनाउन मद्दत गर्ने भएकोले सो सम्बन्धि व्यवस्था राख्नु उपयुक्त हुने ।

११. **जन्म पञ्जीकरणको स्थान स्पष्ट हुनुपर्ने :** कानुनमा जन्मदर्ता हुने स्थानको बारेमा स्पष्ट प्रावधान हुनुपर्दछ । कानुनले शिशुको जन्मदर्ता या त स्थायी ठेगाना वा आफूले बसोबास गरिरहेको स्थानमा वा शिशुको जन्म भएको स्थानमा दर्ता गर्न सकिन्छ भन्ने कुरा सुनिश्चित गर्नु पर्दछ ।

१२. **स्थानान्तरण भई आउने कामदार, बेचबिखन तथा ओसारपसार कार्यबाट पीडित शरणार्थी तथा पारलिङ्गी, द्विलिङ्गी र तेस्रोलिङ्गी सम्बन्धी प्रावधान :** ऐनको प्रावधानहरू स्थानीय पञ्जिकाधिकारीले स्थानान्तरण भई आउने महिला कामदारहरू, बेचबिखन तथा ओसारपसार लगायतका अपराधपीडित महिलाबाट जन्मेका बालबालिकाको जन्मदर्ता गर्न अस्वीकार गर्न नसक्ने गरी स्थानान्तरण भई आउने महिला कामदारहरू, बेचबिखन तथा ओसारपसार लगायतका कार्यबाट पीडित महिलाका बालबालिका, बेचबिखन तथा ओसारपसार पीडित बालबालिका, र अन्तरलिङ्गी बालबालिकाका लागि समेत समान रूपले लागू हुन्छन् भनी प्रष्ट पार्नुपर्ने । साथै, व्यक्तिगत घटना दर्ता गर्नुपर्ने प्रावधानलाई नेपालमा रहेका शरणार्थीहरूका बालबालिका लागि समेत लागू गरिनुपर्ने ।

१३. **आफ्नो क्षेत्रभित्रका सम्पूर्ण बालबालिकाको जन्मदर्ता भएको कुरा सुनिश्चित गर्ने :** अधिकारमा आधारित अवधारणा अनुसार राष्ट्रिय परिचयपत्र तथा जन्मदर्तासँग सम्बन्धित सम्पूर्ण कानुनहरूको निर्माण तथा संशोधन गर्ने, नेपाल राष्ट्रभित्रका सम्पूर्ण बालबालिकाहरूको उनीहरूका बाबुआमाको नागरिकता तथा अन्य अवस्थालाई नहेरिकन नेपालको संविधान, २०७२ तथा नेपालका मानवअधिकारका कर्तव्य/दायित्व अनुसार जन्मदर्ता भएको कुरा सुनिश्चित गर्ने ।

१४. **विविध लैङ्गिक पहिचान भएका बालबालिकाको जन्मदर्ता :** छोरा वा छोरी भन्दा बाहेकका लैङ्गिक पहिचान भएका बालबालिका जस्तो अन्तरलिङ्गी पहिचान हुने बालबालिकाहरूको जन्मदर्ता गर्न सम्बन्धमा ऐनमा थप प्रष्ट व्यवस्था गर्ने ।

१५. विवरण सच्याउने सम्बन्धमा : यो ऐन लागू भएपछि जन्मेको बच्चाको उमेर, नाम, थर वा अन्य विवरण यस एक पटक दर्ता भई दर्ताको प्रमाणपत्र लिएको एक वर्षभित्र सच्याउन पाउने व्यवस्था गरिएको छ । दर्ताको प्रमाणपत्र एक वर्षभन्दा एक पटकको लागि संशोधन गर्न सक्ने व्यवस्था गर्ने ।

## ग) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकाधिरारी नियमावली, २०७७ मा संशोधन गर्ने

१. निवदेन फाराममा परिवर्तन : अनुसूची-१० मा रहेको फारामको ढाँचामा रहेको बाबु बेपत्ता वा ठेगान नभएको अवस्थामा प्रहरीबाट प्रमाणित गराउनुपर्ने व्यवस्था हटाउने र ऐनसँग नबाझिने गरी संशोधन गर्नुपर्ने ।

२. 'अन्य' शब्दलाई परिवर्तन : अनुसूची-१० मा रहेको फारामको ढाँचामा लिङ्ग उल्लेख गर्नुपर्ने स्थानमा महिला र पुरुष तथा अन्य भन्ने शब्द प्रयोग भएकोमा अन्य भन्ने शब्द हटाउने । सोको सट्टामा अन्तर लिङ्गी शब्द राख्नु पर्ने ।

३. विदेशीसित विवाह गरेको हकमा दर्ता विवाहको प्रमाणपत्र पेश गर्नुपर्ने प्रावधान : विदेशीसँग विवाह गरेको आमा बाबुको सन्तानको जन्मदर्ता गर्दा बाबुआमाको दर्ता विवाहको प्रमाणपत्र अथवा विवाह दर्ताको प्रमाणपत्र पेश गर्नुपर्ने प्रावधानले विश्वव्यापी जन्मदर्ताको प्रवर्द्धनलाई नियन्त्रण गर्ने भएकोले दर्ता विवाह वा विवाह दर्ता सम्बन्धी दुवै प्रमाणपत्रहरूलाई स्वीकार गर्ने प्रावधान सहित संशोधन हुनुपर्ने ।

४. विलम्ब शुल्क सम्बन्धी व्यवस्था : बालबालिका जन्मेको ३५ दिनभन्दा पछि जन्मदर्ता गर्न गएमा विलम्ब शुल्क लाग्ने विद्यमान व्यवस्थालाई पूर्ण रुपले हटाउने ।

## घ) स्थानीय र प्रादेशिक सरकार

- ठीकसँग र समयमै घटना दर्ता व्यवस्था गर्नका लागि प्रादेशिक तथा स्थानीय तहका सरकारलाई अझ बढी जिम्मेवार बनाउनका लागि प्रादेशिक तथा स्थानीय तहमा कानुन निर्माण गर्नुपर्ने,
- स्थानीय तथा कामकाजी दुवै भाषामा व्यक्तिगत घटना दर्ता हुनुपर्ने,
- अदालतको नजिरहरू, नीतिहरू र निर्देशनहरू विश्लेषण गरि संहिताबद्ध कानुनको विकास गर्नुपर्ने तथा स्थानीय पञ्जिकाधिकारीहरूलाई वितरण गर्नुपर्ने,
- व्यक्तिगत घटना दर्ता अत्यधिक बनाउनका लागि घुम्ती दर्ता सेवा प्रणालीको विकास गरिनु पर्दछ । यसका लागि व्यक्तिगत घटना दर्तामा पहुँच नभएका समुदायमा स्थानीय पञ्जिकाधिकारीहरूले विद्यालय, कलकारखाना, हाट बजार तथा मेलाहरूमा गएर बालबालिकालाई खोप लगाएको जस्तै गरेर व्यक्तिगत घटना दर्ता गर्नुपर्ने,
- नगरपालिका र गाउँपालिकाले आफ्नो पालिकालाई 'पूर्ण जन्मदर्ता भएको पालिका' घोषणा गर्न उत्प्रेरणा दिनुपर्ने ।

## ङ) कार्यविधिगत सुधार

हालको व्यक्तिगत घटना दर्ता कार्यविधिहरूलाई प्रभावकारी र छिटो छरितो बनाउन निम्न प्रकारका सुधारहरूको सुझाव दिइएको छ :

- व्यक्तिगत घटना दर्ताको निवेदनमा एकरूपता ल्याउनका लागि विकास तथा संशोधन गरिएका कानुनहरू अनुरुप निर्देशिका तथा परिपत्रहरूको संशोधन सुनिश्चितता गर्नुपर्ने,
- गुनासोहरूको सहज रुपमा सम्बोधन हुने संयन्त्रहरूको व्यवस्था गर्नुपर्ने,
- लैङ्गिक समानता काय गर्नका लागि जन्मदर्ता गर्दा बुबाको नागरिकताको अनिवार्यतालाई हटाउनु पर्ने,
- जन्मदर्ता सम्बन्धी कार्यविधि सहज बनाउनुपर्ने, बाबुआमाको नागरिकता प्रमाण पत्र माग गर्ने प्रावधान

निवेदन फारामबाट हटाउनु पर्ने र यसको सट्टा जन्म केन्द्रहरूबाट बालबालिकाको जन्म भएको प्रमाणपत्र पेश गर्नुपर्ने,

- प्रशासनिक तथा कार्यविधि झन्झटिलो हटाउन घर/जग्गा कर तिरेको जस्ता कागजातहरू बुझाउन पर्ने व्यवस्थालाई न्यून गर्नुपर्ने,
- क्रमशः रुपमा जन्मदर्ता प्रमाणित गर्न बच्चा जन्मेको अस्पताल अथवा स्वास्थ्य केन्द्रबाट कागजात लिएर आउन अनिवार्य गर्नुपर्ने र अस्पतालमा नजन्मेको भए खोप लगाएको प्रतिवेदन बुझाउन अनिवार्य हुनुपर्ने,
- बाबुआमाको कानुनी पहिचान जस्तोसुकै भएता पनि विश्वव्यापी व्यक्तिगत घटना दर्ता सुनिश्चित गर्नका लागि कानुनहरूमा एकरूपता ल्याउनुपर्ने,
- वडा स्तरमा काममा समर्पित स्थानीय पञ्जिकाधिकारीहरूको नियुक्त हुनुपर्ने,
- राज्यद्वारा उपलब्ध गराउने सामाजिक सुरक्षा, बाल अनुदान जस्ता विभिन्न सेवा सुविधाहरू प्राप्त गर्नका लागि एउटा निश्चित कार्यविधि अपनाएर व्यक्तिगत घटना दर्ता प्रमाणपत्रको प्रयोग गर्नुपर्ने,
- व्यक्तिगत घटना दर्ता गर्दा आवेदन फाराममा स्थानीय भाषा तथा सरकारी कामकाजी दुवै भाषाको प्रयोग हुनु पर्ने,
- नागरिक वडापत्रमा सुनिश्चित गरेको व्यक्तिको अधिकार उपयोग गर्न पाउने गरी सुनिश्चित गर्नुपर्ने,
- व्यक्तिगत घटना दर्ताको लागि बिहान र बेलुकाको उपयुक्त समयमा व्यक्तिगत घटना दर्ता गराउन पाउने लचिलो समयावधिको व्यवस्था हुनुपर्ने,
- छिटो र सहज व्यक्तिगत घटना दर्ताको लागि घरघरमै गएर दर्ता गर्नका निमित्त घुम्ती शिविरहरूको परिचालन गर्नुपर्ने,
- व्यक्तिगत घटना प्रमणपत्रको प्रयोग हुने कागजको गुणस्तर वृद्धि हुनुपर्ने र साधारण चिठी ढाँचाभन्दा कार्डको प्रयोगमा जोड दिनु पर्ने,
- प्रविधिमा ज्ञान नभएकाहरू व्यक्तिहरूलाई पनि सूचना प्रदान गर्न सक्ने गरी प्रत्येक स्थानीय तहको विभिन्न स्थानहरूमा सुचना प्रदान गर्ने प्रविधि केन्द्र स्थापना गर्नुपर्ने ।

### च) शिक्षा र जनचेतना

- व्यक्तिगत घटना दर्ता प्रणालीको महत्व तथा दर्ता सेवाहरूमा कसरी पहुँच हुन सक्छ भन्ने विषयमाथि सञ्चार अभियान, विभिन्न पोष्टरको छपाई, वितरण गर्ने, सडक नाटक, वृहत सभा लगायत विभिन्न जनचेतनामूलक कार्यक्रम आयोजना गर्ने साथै राष्ट्रिय तथा स्थानीय भाषामा विभिन्न जनचेतना कार्यक्रमहरू आयोजना गर्ने, साथै व्यक्तिगत घटना दर्ता गर्न सरकारी कर्मचारीहरूलाई समुदायमा आउने अपेक्षा गर्नुका सट्टा समुदायका व्यक्तिहरू आफै कार्यालयमा जान प्रोत्साहन गर्ने चेतना जगाउनु पर्ने । यस्ता गतिविधिहरू व्यक्तिको दृष्टिकोण तथा व्यवहार परिवर्तनका लागि महत्वपूर्ण कुरा हो,
- विश्वव्यापी घटना दर्ताको उद्देश्य हासिल गर्नका निमित्त कानुन बमोजिम कार्य गर्न सम्बन्धित कर्मचारीहरूलाई कानुनी प्रावधान र निर्देशिकाको माध्यमबाट व्यक्तिगत घटना दर्ता सम्बन्धी कानुन र कार्यविधिहरूको विषयमा वृहत तालिमको सुनिश्चितता गर्नुपर्ने ।

# मेरो अधिकार

## आफ्नो अधिकारबारे जानकारी प्राप्त गरौं ।

संविधान र संघीयता

कानुनी पहिचान

मानव बेचबिखन तथा सुरक्षित आप्रवासन

प्रजनन स्वास्थ्य अधिकार

सामाजिक तथा आर्थिक अधिकार

न्यायमा पहुँच तथा कानुनी सहायता




Google play

Download on the App Store

यौनिक तथा लैङ्गिक हिंसा

अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी दस्तावेज

संक्रमणकालिन न्याय

बाल अधिकार

विपद् तथा जलवायु परिवर्तन

नि:शुल्क कानुनी सेवा


उपलब्ध हुने स्थान:

**महिला, कानुन र विकास मञ्च (FWLD)**
७२, आदर्श मार्ग, थापाथली
पो.ब.नं. २६५३८, काठमाडौं, नेपाल
फोन नं. ५३३३५२५, ५३३३५२४, ५३६६४१५
इमेल : info@fwld.org
Website : www.fwld.org
Youtube: youtube.com/fwldofficial